मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ३० ● २०८२ साल मंसिर २६ गते शुक्रबार ● Friday 12, December 2025 ● सूर्योदय: बिहान ०६:४४ बजे ● सूर्यास्त: साँझ ५:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जसपाद्वारा पर्सामा उम्मेदवारको नाम सिफारिस

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने भनिएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) ले पर्सा जिल्लाको चार वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारहरुको नाम सिफारिस गरेको छ ।

बिहीबार वीरगंजमा बसेको जिल्ला कार्य समितिको बैठकले पर्सा क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फको उम्मेदवारमा पूर्वमन्त्री तथा निवर्तमान सांसद प्रदीप यादवको एकल नाम सिफारिस गरेको छ । यस्तै पर्सा क्षेत्र नम्बर १ बाट समानुपातिकतर्फको उम्मेदवारमा नेक महमद अन्सारी, उमेशलाल सहनी, पवन पञ्जियार, कुमु मानन्धर र रुबैदा खातुनको नाम सिफारिस गरिएको छ ।

जसपाले पर्सा क्षेत्र नम्बर २ बाट प्रत्यक्षतर्फको उम्मेदवारमा पनि प्रेमबाबु पटेलको एकल सिफारिस गरेको छ । यस्तै, समानुपातिकतर्फको उम्मेदवारमा नागेन्द्र यादव, हरेन्द्र चौरसिया र बैजन्ती मालाको नाम सिफारिस गरिएको जसपाका वीरगंज महानगर समिति अध्यक्ष ईश्वरचन्द्र यादवले जानकारी दिए ।



## काम गर्नेसँग विवाद हुँदैनः घिसिङ

**मधेशदृष्टि**
**वीरगंज ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइसँगै भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले मधेशको बारा, पर्सा रौतहटका दुई दिने विभिन्न कार्यक्रममा सरिक हुन बिहीबार वीरगंज आइपुगेका छन् ।

बिहीबार वीरगंज आएका मन्त्री घिसिङले चुनावमा पुरानै अनुहार आए फेरि अर्को बिद्रोह हुने बताए । उनले भने, 'युवालाई सचेत रहन र आउदो चुनावमा जनभावनाअनुरुप राजनीतिमा आउनुपर्छ ।' उनले हितेन्द्रदेव शाक्यलाई विद्युत् प्राधिकरणमा अदालतबाट पुनर्बहाली गराएपछिको प्रतिक्रियामा भने, 'जो आए पनि काम गर्ने मान्छेसँग मेरो कुनै विवाद हुँदैन ।'

उनले वीरगंजको होटल भिस्वामा उद्योग वाणिज्य संघ वीरगंजका प्रतिनिधिसँग छलफल गरेका हुन् । उनले वीरगंजमा जेन्जी युवाहरूसँग पनि छलफल गरे ।

मन्त्री घिसिङले शुक्रबार बारा र रौतहटका विभिन्न अनुगमन, भेलालाई सम्बोधन गर्ने कार्यक्रम छ । उनी शुक्रबार साँझ ५ बजे काठमाडौँ फर्कनेछन् ।

## नेपाली कांग्रेसको कृयाशील सदस्यता वडामै रोकियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको महाधिवेशन जब आउँछ आफूसँगै कृयाशील सदस्यता विवाद लिएर आउँछ । अहिले कृयाशील सदस्यता विवाद नेपाली कांग्रेसभित्र जन्मिएको र नयाँ हुँदै होइन । कांग्रेसले आफ्नो १५औँ महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेसंगै क्रियाशील सदस्यता विवाद चर्चाको शिखरमा छ । जसको व्यवस्थापनमा कांग्रेस जिल्लादेखि केन्द्र लागेको छ ।

नेपाली कांग्रेसभित्र सबैभन्दा बढी कृयाशील सदस्यता विवाद हुने प्रदेशमध्ये एक हो मधेश । यहाँ कृयाशील सदस्यता विवाद सबैभन्दा बढी सप्तरीमा देखिएको छ । सर्लाही, रौतहट तथा बारामा समेत केही स्थानमा कृयाशील सदस्यता विवाद देखिएको छ । बाहिर कृयाशील सदस्यतालाई लिएर विवाद देखिए पनि नेता कार्यकर्ताहरु यो विषय अस्वीकार गर्छन् । उनीहरुका अनुसार मधेशको कुनै पनि जिल्लामा कृयाशील सदस्यता विवाद छैन र समयमै सदस्यतासम्बन्धी सम्पूर्ण प्रकृया पूरा गरेर केन्द्रमा पठाउने तयारी रहेको छ । नेपाली कांग्रेस मधेशका कार्यालय सचिव सन्तुप्रसाद यादवले अहिलेसम्म सदस्यतासम्बन्धी फाइल कुनै पनि जिल्लाबाट प्रदेश कमिटीमा नआइपुगेको जानकारी दिए । 'सदस्यतासम्बन्धी विवाद कुनै पनि जिल्लामा छैन,'



उनले भने, 'जिल्लाहरुमा अहिले क्षेत्रमै कृयाशील सदस्यता मिलाउने कार्य चलिरहेको छ त्यसैले केही दिन भित्रै प्रदेश कमिटीमा आइपुग्नेछ ।' प्रत्येक वडाबाट ५१ जनाको नाम पठाउनुपर्ने छ, नयाँ सदस्यतामा थोरबहुत विवाद देखिए पनि त्यो ठूलो समस्या नरहेको उनको भनाई छ ।

नेपाली कांग्रेसका मधेश कार्यालय सचिव यादवले कृयाशील सदस्यता विवाद नरहेको विषयलाई जिल्ला सभापतिहरुसमेत स्वीकार गर्छन् । तर अहिलेसम्म मधेशका अधिकांश जिल्लामा कृयाशील सदस्यताको विषय वडामै अड्किनुले मधेशमा कृयाशील सदस्यता विवाद रहेको स्पष्ट संकेत गरेको छ ।

कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादव जिल्लाको कुनै पनि स्थानमा कृयाशील सदस्यताको विषयमा विवाद नरहेको दाबी गर्छन् । उनले अहिले वडाहरुमै कृयाशील सदस्यताको फाइल तथा नाम मिलाउने कार्य भइरहेको र केही दिनभित्रै क्षेत्र हुँदै जिल्लामा आइपुग्ने विश्वास व्यक्त गरे ।

कांग्रेस रौतहटका सभापति सुनिल कुमार यादवले क्षेत्रहरुबाट नाम प्राप्त भइसकेको र अहिले नाम इन्ट्री गर्ने कार्य भइरहेको जानकारी दिए । उनले नाम इन्ट्री हुनासाथ सिधै केन्द्रमा कृयाशील सदस्यतासम्बन्धी फाइल पठाइने बताए ।

कृयाशील सदस्यताको विषयमा मधेशभित्र विवाद रहेको जिल्लामा सर्लाही पनि पर्दछ । तर सर्लाहीमा बाहिर हल्ला गरे जस्तो कुनै प्रकारको विवाद नरहेको त्यहाँका नेताकार्यकर्ता बताउँछन् । सर्लाहीमा समेत कृयाशील सदस्यताको प्रकृया वडामै अड्किएको छ ।

कांग्रेसमा राष्ट्रियसभा निर्वाचनका साथै प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारको नामसमेत सिफारिस गर्नुपर्ने भएकाले कृयाशील सदस्यतासम्बन्धी प्रकृया अधिकांश जिल्लामा वडामै अड्किएको नेपाली कांग्रेस मधेशले जनाएको छ ।

## लेखाका कर्मचारीमाथि अनावश्यक आरोप लगाइएकामा आपत्ति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका लेखा समूहका कर्मचारीहरुले प्रदेश वन निर्देशनालयका केही कर्मचारीले राजनीतिक प्रभावको आडमा लेखा समूहका कर्मचारीमाथि अनावश्यक आरोप लगाएको र काममा बाधा पु¥याएको भन्दै गम्भीर आपत्ति जनाएका छन् ।

लेखा समूहका कर्मचारीहरूले विहीबार संयुक्त रुपमा प्रेस विज्ञप्ति जारी गर्दै लेखा समूहले केही वन सेवाका कर्मचारीले समूहलाई बदनाम गर्ने र सेवाप्रवाहमा अवरोध पु¥याउने प्रयास गरेको आरोप लगाएको छ ।

विज्ञप्तिअनुसार, २४ मंसिरमा वन सेवाका केही कर्मचारीहरूले लेखा समूहका कर्मचारीमाथि 'अनावश्यक हाजिरी, धम्की तथा काममा अवरोध' गरेको भन्दै दुष्प्रचार गरेका थिए ।

लेखा समूहले कार्यलाई आधारहीन र पूर्वाग्राही भन्दै खण्डन गरेको छ । समूहले आफ्नो विज्ञप्तिमा भनेको छ, 'प्रदेशमा देखिएको राजनीतिक तथा प्रशासनिक परिवेशको आडमा लेखा समूहका कर्मचारीमाथि आरोप थोपर्ने, लाञ्छना लगाउने र गलत धारणा सिर्जना गर्ने प्रवृत्ति बढेको छ ।'

लेखा समूहले आफूहरू प्रचालित ऐन–कानून, आर्थिक अनुशासन, सुशासन र पारदर्शिता कायम राख्न प्रतिबद्ध रहेको जनाउँदै केही कर्मचारीहरूले कार्यालय समयको दुरुपयोग गरी कानून विपरीतका कार्यमा समय खर्चिने गरेको र सामाजिक सञ्जालमा समेत अमर्यादित शब्द प्रयोग गरी समूहलाई बदनाम गर्न खोजेको दाबी गरेको छ ।

आर्थिक कारोबार तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२० बमोजिम लेखा समूहको जिम्मेवारी स्पष्ट हुँदाहुँदै पनि केही सरोकारवालाहरूले आफ्ना कमजोरी लुकाउन समूहलाई 'बदनाम गर्ने प्रवृत्ति' मौलाएको विज्ञप्तिमा उल्लेख छ ।

लेखा समूहले नियमित प्रशासनिक तथा आर्थिक कामकाज गर्दै आए पनि अनावश्यक रूपमा कामकाज बन्देज लगाई ३ महिनाभन्दा बढी समयदेखि भुक्तानी रोक्का गरिएको र यसबाट कर्मचारीलाई अनावश्यक मानसिक यातना दिइएको आरोप लगाएको छ । साथै, साङ्केतिक रूपमा जागिरबाट निकाल्ने धम्की दिइएको विषयले समेत काम गर्ने वातावरणमा असहजता आएको जनाइएको छ ।

लेखा समूहले आफ्नो मर्यादामाथि आँच आउने र काममा अवरोध पु¥याउने कार्य नरोकिए कानूनी तथा प्रशासनिक प्रक्रिया अगाडि बढाउने चेतावनीसमेत दिएको छ । मधेश प्रदेश लेखा समूहका अध्यक्ष जितेन्द्र प्रसाद यादवको अगुवाईमा लेखा समूहका कर्मचारीहरुले प्रदेशका अर्थ मन्त्रालयका सचिव रामकुमार महतोलाई समेत ज्ञापनपत्र बुझाउँदै घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही हुनुपर्ने तथा कुनै पनि कार्यालयमा लेखा समूहका कर्मचारीलाई सहजरुपमा काम गर्ने वातावरणको सुनिश्चिता हुनुपर्ने सहितका माग गरेका छन् ।




## मालपोत कार्यालयको ५१ हजारको रसिद भाइरल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आसन्न ११औँ महाधिवेशनका लागि नेकपा एमालेले सिरहामा सरकारी तथा गैरसरकारी कार्यालयबाट चन्दा संकलन गरिरहेको तथ्य बाहिरिएको छ । महाधिवेशनका नाममा विद्यालय, उद्योगदेखि सरकारी अड्डासम्मबाट रकम असुली भइरहेको भन्दै सामाजिक सञ्जालमा चन्दा रसिदहरू सार्वजनिक भएपछि यो विषयमा चर्चा चुलिएको हो ।

सामाजिक सञ्जालमा भूमि सुधार तथा मालपोत कार्यालय, सिरहाबाट ५१ हजार रुपैयाँ बुझिलिएको भनिएको रसिद भाइरल भएपछि एमाले सिरहाको नगर अध्यक्ष दीपक यादवले चन्दा मागिएको कुरा स्वीकार गरेका छन् । 'मालपोत त धेरै घुस खाने अड्डा हो, त्यसैले त्यहाँबाट चन्दा लिने सल्लाह भयो ।'

त्यहीअनुसार चन्दा मागिएको यादवले बताए । तर उनले आफूलाई पैसा नपुगेको दाबी गर्दै थपे, 'रसिदमा साथीले हस्ताक्षर गराएका रहेछन्, पैसा त अझै आएको छैन ।'

यता मालपोत कार्यालयका प्रमुख अरविन्दकुमार चौधरीले भने चन्दा दिएको कुरा नकारे । 'मागेको त हो, तर दिएका छैनौँ,' चौधरीले भने । उनका अनुसार टेबुलमा राखिएको रसिद कसैले फोटो खिचेर भाइरल बनाइदिएको हो । नगर अध्यक्ष यादवका अनुसार सदरमुकामका अन्य सरकारी कार्यालयसँग पनि यस्तै दरमा चन्दा मागिएको छ । विद्यालय, उद्योग लगायतसँग पनि 'सहयोग'का नाममा रकम संकलन भइरहेको उनले स्वीकारे ।

'महाधिवेशनमा काठमाडौँ जान खर्च चाहिन्छ, त्यसैले माथिबाटै निर्देशन आएको हो,' यादवले भने, 'जबर्जस्ती गरेको छैन, दिनेले दिन्छ, नदिनेले नदिए पनि हुन्छ ।' सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले भने आफूलाई जबर्जस्ती चन्दा असुली भएको प्रत्यक्ष प्रमाण नदेखिएको दाबी गरे । 'जहाँ–जहाँ मागिएको रहेछ, कुरा गर्दा जबर्जस्ती भेटिएन,' उनले भने, 'स्वेच्छिक चन्दा भने कानूनले रोक्दैन ।'

यता एमाले जिल्ला अध्यक्ष अशोक यादवले कार्यकर्ताबाहेक अरूसँग पैसा उठाउने कुनै आधिकारिक नीति नभएको स्पष्ट पारे । 'यदि कसैले यस्तो गरेका छन् भने त्यसका लागि उनीहरू आफैँ जिम्मेवार हुन्छन्,' उनले प्रतिक्रिया दिए ।

# गाउँघरमा प्रयोग हुने परम्परागत पानीघट्टाको प्रचलन हराउँदै

**भोजपुर ।**
गाउँघरमा कुटानीपिसानीका लागि प्रयोग हुँदै आएको परम्परागत पानीघट्टा चलाउने प्रचलन भोजपुरमा क्रमशः हराउँदै गएको छ । संरक्षण अभावमा पानीघट्टाजस्ता परम्परागत साधन ओझेलमा पर्न थालेका हुन् ।

ओरालोमा पानीलाई कुलोमार्फत झारेर पङ्खा घुमाइ ढुङ्गाको जातोको साहाराले मकै, गहुँ, कोदो, फापर, जौंलगायत अन्न पिस्ने पानीघट्टा विगतमा ग्रामीण क्षेत्रको प्रमुख कुटानीपिसानी विधि थियो । गाउँघरका बासिन्दाले कुटानी–पिसानीका लागि सहज, सस्तो र सरल विकल्पका रूपमा पानीघट्टालाई अपनाउने गर्थे । तर, अहिले पानीघट्टा चलाउने परम्परा हराउँदै गएको टेम्केमैयुङ–५ का वृद्ध बेनीबहादुर विष्ट बताउछन ।

'अहिले पानीघट्टाको चलन हराउँदै गएको छ', उनले भने, 'पहिला टोलभरिका मानिस कुटानीपिसानी गर्न पानीघट्टा आउने गर्थे, अहिले यो पुरानो चलन लोपहुँदै गएको छ ।' पानीघट्टामा कुटानीसिपानी गर्दा विद्युतीय तथा डिजेल, पेट्रोलबाट सञ्चालन हुने मिल भन्दा सस्तो पर्ने टेम्केमैयुङ–५ मा पानीघट्टा सञ्चालन गर्दै आउनुभएका हरिबहादुर लम्सालले बताए ।

पछिल्लो समय पानीघट्टा चलाउने प्रचलन लोपहुँदै गएको उनले बताए । आफूले भने परम्परागत सामग्रीको संरक्षण गर्ने लक्ष्यले पानीघट्टा चलाउँदै आएको उनको भनाइ छ । 'पानीघट्टामा पिसिएको अन्न स्वादिलो हुन्छ', उनले भने, 'आधुनिक प्रविधिको विकाससँगै यस्ता परम्परागत सामग्री हराउँदै गइरहेका छन्, मैले भने परम्परा जोगाउन निरन्तर चलाइरहेको छु ।' उनले पानी प्रशस्त भएको समयमा पानीघट्टाले दिनमा छदेखि आठ मुरीसम्म अन्न पिस्न सक्ने बताए ।

स्थानीयका अनुसार पानीघट्टाले पिसिएको अन्न स्वादिलो, ताजा र स्वास्थ्यका लागि उत्तम हुन्छ । प्राकृतिक तरिकाले पिसिने भएकाले अन्नको पोषण र स्वाद जस्ताको त्यस्तै रहने उनीहरुको भनाइ छ । तर, पछिल्लो पुस्ताले यस्तो परम्परागत साधनप्रति कम चासो देखाउँदै आएको छन् । परम्परागत सीप र पहिचान जोगाउन पानीघट्टाको संरक्षण गर्न आवश्यक रहेको स्थानीयवासीले बताउने गरेका छन् ।रासस

## एनपिएलः नवप्रतिभाका लागि सुनौलो अवसर

**काठमाडौँ ।**
नेपाल क्रिकेट सङ्घ क्यानको आयोजनामा कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा यही मङ्सिर १ गतेदेखि दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) जारी छ ।

प्रतियोगिता नेपाली क्रिकेटको विकासका साथै नवप्रतिभाका लागि सुनौलो अवसरका रूपमा रहेको छ । लयमा क्रिकेट खेलेर पनि प्लेफर्म नपाएका खेलाडीका लागि एनपिएल सुनौलो अवसर बनेको हो । साथै आर्थिक हिसाबले पनि खेलाडीको अवस्था मजबुद बनाउन सहयोग मिलेको छ ।

कीर्तिपुर मैदानमा फ्लडलाइट र प्याराफिट पनि जडान गरिएको छ । घरेलु मैदानमै फ्लडलाइट पहिलोपटक प्रतियोगिता भएको हो । यसको अनुभव नेपाली खेलाडीले घरेलु मैदानमै गर्न पाए ।

एनपिएलमा धेरै नवप्रतिभाले पनि अवसर पाएका छन् । उनीहरुका लागि सुखद् पक्ष पनि हो । विदेशी खेलाडीबाट सिक्ने र अनुभव साटासाट गर्न समेत मिलेको छ । प्रत्येक टोलीको अन्तिम ११ मा चार जना खेलाडी खेल्ने गर्दछन् । जसले गर्दा मैदानमै उनीहरुबाट नेपाली खेलाडीले सिक्ने मौका मिलेको छ ।

फाइनल पुगेका सुदूरपश्चिम रोयल्सका युवा खेलाडी हिक्मत महरा एनपिएल खेल्न पाउँदा एकदमै खुसी देखिनुभएको छ । ट्यालेन्ट हन्टबाट छानिएका हिक्मतले पहिलोपटक कीर्तिपुर मैदानमा क्रिकेट खेलेका हुन् । उनले भने, 'पहिलोपटक एनपिएलमार्फत कीर्तिपुर मैदानमा खेल्न पाउँदा निकै खुसी छु । विदेशी खेलाडीबाट अनुभव पनि लिन पाइयो ।'

चितवन राइनोजविरुद्ध डेब्यू गरेका हिक्मतले उक्त खेलमा विदेशी खेलाडी शैफ जैबको विकेट पनि लिए । उनले भने, 'मेरो ड्रिम डेब्यू भएको छ । पहिलो खेलमै विदेशी खेलाडीको विकेट लिदा एकदमै खुसी छु । एनपिएलका साथै ग्रासरुट क्रिकेट पनि निरन्तर रूपमा भएमा नयाँ प्रतिभा अझै आउने हिक्मतको भनाइ छ ।

विराटनगर किङ्सका अलराउन्डर खेलाडी नरेन भट्ट पनि एनपिएलले नेपाली क्रिकेटको विकास र नवप्रतिभाका लागि राम्रो अवसर रहेको बताउछन । उनले भने, 'नयाँ खेलाडीका लागि सिक्ने र क्षमता देखाउने राम्रो अवसरका रूपमा एनपिएल रहेको छ, यहाँ राम्रो प्रदर्शन गर्न सके भविष्यको ढोका पनि खुल्छ ।'

नेपाली यु १९ राष्ट्रिय टोलीको कप्तानीसमेत सम्हालीसकेका नरेनले टिभीमा हेर्ने खेलाडीसँग खेल्न र अनुभव लिन पाइरहेका बताए । उनले भने, 'टिभीमा हेर्ने खेलाडीसँगै खेल्न मिलेको छ । अनुभव साटासाट गर्न पाइएको छ । यो सिक्ने अवसर हो । यहाँ राम्रो खेल्नु हाम्रो लागि आवश्यक छ ।'

लुम्बिनी लायन्सका बलर अलराउन्डर शेर मल्ल एनपिएल राम्रो एक्सपोजर भएको बताउछन । उनले भने, 'एनपिएल राम्रो एक्सपोजर हो । यहाँ हामीले राम्रो प्रदर्शन गर्न सक्नुपर्दछ । यहाँ राम्रो खेल्यौँ भने भोलि राष्ट्रिय टिममा पर्ने समभावना हुन्छ ।'

खेलाडीका लागि आर्थिक हिसाबले पनि एनपिएल राम्रो रहेको बताउदै उहाँले क्रिकेट खेलेरै पनि बाच्न सकन्छि भन्ने आधार भएको बताए । उनले भने, 'क्रिकेट महङ्गो खेल छ । एनपिएलमा बोली लगाएर खेलाडी किनिने भएकोले खेलाडीको आर्थिक अवस्था पनि बढ्दै जान्छ । क्रिकेट खेलेर पनि बाच्न सकिन्छ भन्ने आधार हुन्छ ।'

नेपाली क्रिकेटकै ठुलो लिग खेल्न पाउँदा सुदूरपश्चिम रोयल्सका दीपक बोहरा पनि खुसी रहेका छन । उनले भने, 'ठुला खेलाडीसँगै खेल्न पाउँदा एकदमै खुसी छौँ । एनपिएलबाट राम्रो अनुभव हुँदैछ । धेरै कुरा सिक्न पाइरहेका छौँ ।'

पोखरा एभेन्जर्सबाट एनपिएल खेलेका किरण ठगुन्ना पनि एनपिएलबाट धेरै कुरा सिक्ने मौका मिलेको बताउछन । उनले भने, 'एनपिएलबाट धेरै कुरा सिक्न मिलेको छ । विदेशी खेलाडी र नेपाली अग्रज खेलाडीसँग अनुभव साटासाट गर्न पाइयो ।'

नेपाल क्रिकेट सङ्घ क्यानका अध्यक्ष चतुरबहादुर चन्दले नेपालमा पछिल्लो समय लोकप्रिय खेलका रूपमा क्रिकेट उदाएको बताए । नेपाली क्रिकेटको यो स्वर्णीम युग हो । योभन्दा पहिला क्रिकेटको यो उचाइ पुग्न सकेको थिएन। उनले भने, 'एनपिएलले क्रिकेट थप बलियो बनाउँदै खेलाडीलाई व्यवशायिक बनाउन मद्दत पुग्नेछ । साथै खेलाडी उत्पादनका लागि पनि महत्वपूर्ण छ । एनपिएलले नेपाली क्रिकेटको विकासमा थप टेवा पुर्याउनेछ ।'

जारी एनपिएलमा आठ टोली सहभागी छन् । जसमध्ये कर्णाली याक्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, जनकपुर बोल्ट्स र काठमाडौँ गोर्खाज बाहिरिसकेका छन् ।रासस

## विकटको सुगम मातृ स्वास्थ्य सेवाः सान्नी त्रिवेणी गाउँपालिका घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य

**कालीकोट ।**
भौगालिक विकट रहेको मुम्रा गाउँ विकासका पूर्वाधारमा पनि गतिलिँदै छ तर 'मातृ स्वास्थ्य सेवा'का लागि सुगमका भन्दा कमी छैन । सस्थागत सुत्केरीमा सबैको पहुँच पु¥याएर नयाँ उदाहरण प्रस्तुत गरेको छ । यहाँका महिलाले पछिल्ला केही वर्षदेखि 'मातृ स्वास्थ्य सेवा' लिन कष्ट व्यहोर्नुपरेको छैन । सान्नी त्रिवेणी गाउँपालिका–८ स्थित यस गाउँमा पाँच वर्षयता गर्भवती र नवजात शिशुका अकालमा ज्यान गएको छैन, भने दुईवर्षयता हवाई उद्धारसमेत गर्नुपरेको छैन ।

सान्नीघाटदेखि नै जोखिमयुक्त कच्चीले गाउँलाई जोडेको छ । सो स्थानदेखि सवारीसाधनमा यहाँ आइपुग्न करिब दुई÷तीन घण्टा लाग्छ । वर्षातमा त्यो समयमा सम्भव हुन्न । सोही स्थानबाटै उकालो पैदल हिँडेर आउँदा त्यति समय लाग्दैन । नौ वडा रहेको पालिकाका सबै गाउँमा पुग्न कम्तीमा एकहप्ता व्यतित गर्नुपर्छ । गाउँपालिकाले विशेष गरेर मातृ स्वास्थ्य सेवा क्षेत्रमा गरेका प्रयास अनुकरणीय मात्र छैन, सङ्घीय तथा प्रादेशिक उच्च तहमा बसेका नीति निर्मातालाई सिकाइ बन्न सक्छ । गाउँपालिकाले सङ्घीय सरकारको 'लिजा इन्डिकेटर' मा कालीकोटबाट प्रथम स्थान हासिल गरेको थियो ।

गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले भने, 'पाँचवर्षयता यहाँका गर्भवती र नवजात शिशुका अकालमा ज्यान गएको छैन ।

गाउँपालिकाले स्वास्थ्यकर्मी र महिला स्वास्थ्य सेविकामार्फत् घर घरमा मातृस्वास्थ्य सेवा पु¥याएको छ ।' उनका अनुसार गाउँपालिकाभित्र पाँचवटा 'बर्थिङ सेन्टर' छन् । यस्ता स्वास्थ्य संस्थामा आउन कम्तीमा एकघण्टा भन्दा बढी पैदल हिँड्नुपर्दैन । आवश्यक पूर्वाधार, उपकरण र जनशक्तिको चुस्त व्यवस्थापन गरिएका छन् । उनले भने, 'मातृ स्वास्थ्य सेवा' लिन कुनै अप्ठ्यारो, समस्या तथा स्वास्थ्यकर्मीले दुःख दिए भने मलाई फोन गर्नु भनेको छु । समय समयमा अनुगमन गर्ने गरेको छु ।' अध्यक्ष केसीको घर नै मुम्रा गाउँमा छ । गाउँका ७१ वर्षीय नाग्मल बुढाका अनुसार सुत्केरी हुन (बच्चा पाउन) धेरै सुविधा र परिवर्तन भएको छ । उनले भने,'मेरा छोराछोरी जङ्गलमा जन्मेका हुन् । घाँसका भारी र बच्चासँगै ल्याउनुपर्दथ्यो । अब त्यो समय रहेन । डाक्टर र अस्पताल जाने चलन थिएन ।'

स्थानीयवासी गाउँका पुछारमा रहेको गाढखोला तरेर पारिपट्टिका जङ्गलमा घाँसदाउरा तथा बस्तुभाउ चराउन जाने गर्दछन् । यही मङ्सिरको दोस्रोसाता तेस्रो सन्तानलाई जन्म दिइकी ३२ वर्षीय रचनाकुमारी बुढाले भनिन, 'मेरा तीनवटै सन्तान मुम्रा स्वास्थ्य चौकीमा जन्मेका हुन् । सुत्केरी व्यथा लागेपछि स्ट्रेचरमा बोकिएर जानुपर्छ । स्वास्थ्य चौकीका नर्स, महिला स्वास्थ्यकर्मी बोलीचाली र व्यवहार राम्रो छ ।'

मुम्रा स्वास्थ्य चौकीका प्रमुख धीरेन्द्र केसीका अनुसार चालु आवको चार महिनामा ११ जना सुत्केरी भइसकेका छन् । तीमध्ये एकजना १८ वर्षकी थिइन् । गत आवमा ४४ जनाले सोही स्वास्थ्य संस्थामा बच्चा जन्माएका थिए । उनले भने 'गाउँघरमा नै सुत्केरी हुनेको सङ्ख्या शून्य छ । पछिल्लो समय वर्थिङ सेन्टरका लागि आवश्यक सामग्री सेट थप उपलब्ध भएपछि यहाँ समस्या कम नै छ ।'

गाउँपालिकाभित्रका स्वास्थ्य संस्थालाई सुदृढ बनाउन नेपाल रेड्क्रस सोसाइटी कालीकोट जिल्ला शाखाले सहयोग गरिराखेको छ । स्वीस तथा ब्रिटिश रेड्क्रसको आर्थिक एवम् प्राविधिक सहयोगमा सञ्चालित 'सामुदायिक स्वास्थ्यका लागि एकीकृत पहल कार्यक्रम'ले वर्थिङ सेन्टरमा हुनुपर्ने अत्यावश्यक सामग्रीसहित शौचालय निर्माणमा सहयोग गरेको छ ।

कार्यक्रमका जिल्ला संयोजक भोजराज ओझाले स्वास्थ्य र सरसफाइ, हरित विद्यालय तथा एक घर एक धारा निर्माणमा परियोजनाले गाउँपालिकालाई सहयोग गरेको जानकारी दिए । डाँफे माध्यामिक विद्यालयका प्रधानाध्यपक दुर्गबहादुर बुढा विद्यालयको हाताभित्रको खुला चौरलाई घेरबार गरिएपछि दीर्घकालीन समस्या हटेकामा खुसी भएका छन ।रासस

## माईग्रेशन प्रमाण-पत्र हराएको सूचना

घरबाट जनकपुरधाम जाने क्रममा बाटो मै मेरो निम्न व्यहोरा भएको माईग्रेशन प्रमाण पत्र हराएको हुनाले पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

नाम : प्रियंका कुमारी यादव

ठेगाना : नगराईन-६, धनुषा

रजिष्ट्रेशन नं. : 711722013

विद्यालय : राजेश्वरनिधि से. स्कूल, नगराईन, धनुषा

माईग्रेशन प्रमाण-पत्र नं. : 469433

मो.नं.-9844534381

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय,गितामन्दिर रोड, वीरगंजको
## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुनः७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८२/०१/०५ तथा मिति २०८२/०१/०८ (भुल सुधार) को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८२/०३/१२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने , दोस्रो पटक मिति २०८२/०४/०६ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा ७ दिने लिलाम सूचना तथा तेस्रो पटक मिति २०८२/०८/०२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०९/०४ गते शुक्रवारका दिन दिउँसो ३:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१)रामदेव गिरीको नाती, सुदर्शन गिरीको छोरा, जिल्ला पर्सा, गा.वि.स , बसन्तपुर वार्ड.नं. ०५ बस्ने(ना.प्र.न ३४१०११/३९,जारी मिति २०६४/०५/११ जि.प्र.का. पर्सा) बर्ष ३६ को **संजय गिरी**.............१ ,दीना गिरीको छोरी, सुदर्शन गिरीको बुहारी, संजय गिरीको पत्नी जिल्ला पर्सा पोखरीया वार्ड.नं. ०८ बस्ने(ना.प्र.न.३४-०१-७३-११२१८, जारी मिति २०७३/१०/१८ ,जि.प्र.का. पर्सा) बर्ष ३५ की **सुन्दरम देवी**...........२ ।

२) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०७६ साल भदौ महिना ४ गते रोज ४ मा नेपाल सरकार, उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय ,पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. ३८७८७/०७६/७७, अन्तर्गत दर्ता कायम भएको तथा पोखरिया न.पा २ लमरिया, पर्सामा रहेको **आयुष किराना पसल एण्ड कोल्ड स्टोर्स** ।

**कर्जाको प्रकार:- व्यापारीक अधिविकर्ष कर्जा, व्यापारीक आवधिक कर्जा,घर कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

१) दीना गिरीको छोरी, सुदर्शन गिरीको बुहारी, संजय गिरीको पत्नी जिल्ला पर्सा पोखरीया वार्ड.नं. ०८ बस्ने(ना.प्र.न.३४-०१-७३-११२१८, जारी मिति २०७३/१०/१८ ,जि.प्र.का. पर्सा) बर्ष ३५ की **सुन्दरम देवी**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पोखरिया वडा नं ०९ स्थित किता नं ९३ को जम्मा क्षेत्रफल १२७० व.मि. को घर जग्गा ।

२)लक्षन गिरीको छोरी, रामदेव गिरीको बुहारी, सुदर्शन गिरीको पत्नी, जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ३४३०११/१० ,जारी मिति २०७०/०२/१४ जि.प्र.का.,पर्सा) बर्ष ५४ की **कुसुम देवी गिरीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बसन्तपुर वडा नं ०६ स्थित किता नं २३५ को जम्मा क्षेत्रफल ०-०-७-४ व.मि. को घर जग्गा ॥

३)धेनुक गिरीको नाती, रामदेव गिरीको छोरा जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ०९४६१८५३ ,जारी मिति २०४६/०२/०७ जि.प्र.का. ,पर्सा) बर्ष ५७ को **सुदर्शन गिरी**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बसन्तपुर वडा नं. ०६ र ०७ स्थित किता नं ४८९,२११ र ६२६ को जम्मा क्षेत्रफल ०-२-०,०-४-० र ०-२-२$^{1/2}$ व.मि. को घर जग्गा ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

१) लक्षन गिरीको छोरी, रामदेव गिरीको बुहारी, सुदर्शन गिरीको पत्नी, जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ३४३०११/१० ,जारी मिति २०७०/०२/१४ जि.प्र.का.,पर्सा) बर्ष ५४ की **कुसुम देवी गिरी**।

२) रामदेव गिरीको नाती, सुदर्शन गिरीको छोरा, जिल्ला पर्सा, गा.वि.स , बसन्तपुर वार्ड.नं. ०५ बस्ने(ना.प्र.न ३४१०११/३९,जारी मिति २०६४/०५/११ जि.प्र.का. पर्सा) बर्ष ३६ को **संजय गिरी** ।

३)धेनुक गिरीको नाती, रामदेव गिरीको छोरा जिल्ला पर्सा बसन्तपुर वार्ड.नं. ५ बस्ने(ना.प्र.न ०९४६१८५३ ,जारी मिति २०४६/०२/०७ जि.प्र.का. ,पर्सा) बर्ष ५७ को **सुदर्शन गिरी**।

४) दीना गिरीको छोरी, सुदर्शन गिरीको बुहारी, संजय गिरीको पत्नी जिल्ला पर्सा पोखरीया वार्ड.नं. ०८ बस्ने(ना.प्र.न.३४-०१-७३-११२१८, जारी मिति २०७३/१०/१८ ,जि.प्र.का. पर्सा) बर्ष ३५ की **सुन्दरम देवी** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ पुस ०३ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस ०४ गते शुक्रबार दिउँसो ३:०० बजे देखि ।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज) ।

# तलब नपाएपछि जलेश्वरका सफाइ कर्मचारी आन्दोलित



**मधेशदृष्टि**
जनकपुरधाम । महोत्तरीको जलेश्वर नगरपालिकामा दैनिक ज्यालादारीमा काम गर्ने सरसफाइकर्मी तलब नपाएको भन्दै आन्दोलनमा उत्रिएका छन् । ७ महिनादेखि तलब नपाएका सफाइ कर्मचारी बुधबारदेखि काम ठप्प पारेर आन्दोलनमा उत्रिएका हुन् ।

उनीहरूका अनुसार चालु वर्षका पाँच महिना र अघिल्लो आर्थिक वर्षका दुई महिना गरेर कूल सात महिनाको पारिश्रमिक नपाएपछि बाध्य भएर विरोधमा उत्रिनु परेको बताउँछन् ।

आन्दोलनअन्तर्गत सफाइ कर्मचारीहरुले नगरका विभिन्न सडक, चोक र बजार क्षेत्रमा फोहोर छाडेर असहयोग जनाएका छन् । यसले नगरको दैनिक सरसफाइ कार्य प्रभावित बनेको छ र मुख्य सडकमा समेत फोहोर थुप्रिन शुरु भएको छ ।

यता नगरप्रमुख सुरेश साह सोनारले सरसफाइकर्मीहरूले केही थप माग अघि सारेपछि असहयोग देखिएको बताए । तलबसम्बन्धी अड्चन हटिसकेको दाबी गर्दै उनले भने, 'तलब रोकिनु प्राविधिक कारणले भएको हो, अहिले समाधान भएको छ ।

पालिकाले नियमअनुसार उचित मागहरू पूरा गर्नेछ ।' उनका अनुसार असहयोगका बीच पनि नगरका स्थायी कर्मचारीलाई सरसफाइका काममा लगाइएकाले फोहोर संकलन पूर्ण रूपमा बन्द हुन नदिने बताए ।

# नक्कली नोटसहित पक्राउ

**सर्लाही ।**
बिष्णु गाउँपालिका ६ स्थित प्रहरी चेकपोष्टमा इलाका प्रहरी कार्यालय फेन्हारा सर्लाहीबाट खटिएको चेकिङ टोलीले एक युवकलाई एक हजारको ९५ वटा नक्कली नोट सहित नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार नक्कली रुपैयाँसहित कौडेना गाउँपालिका–५ छपकैया बस्ने ३० वर्षीय फिरोज खान पक्राउ परेका हुन् ।

खानलाई चकजाँच गर्ने क्रममा अन्टेस्ट मोटरसाइकलमा भारतबाट सिमरा आउँदै गरेको अवस्थामा शंका लागी चेकजाँच गर्दा ९५ हजार नक्कली रुपैयाँ बरामद गरिएको प्रहरीले जनाएको छ ।

# सरोज कुमारलाई सभापतिको जिम्मेवारी

**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यालयले सर्लाही जिल्लामा संगठनात्मक नेतृत्व पुनः व्यवस्थित गर्दै सरोज कुमारलाई कार्यबाहक जिल्ला सभापतिको जिम्मेवारी दिएको छ । कांग्रेस सर्लाहीका तत्कालीन सभापति सुरेन्द्रप्रसाद सिंहले २०८२ साउन ७ गते पार्टी पदबाट राजीनामा दिएपछि जिल्लामा नेतृत्व रिक्त थियो । रिक्तता पूर्तिका लागि नेपाली कांग्रेस विधान–२०७५ (संशोधित सहित) को धारा १२(२)(क) बमोजिम कार्यवाहक सभापतिको जिम्मेवारी सरोज कुमारलाई तोकिएको हो ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०८२ मंसिर १५ गते सम्पन्न बैठकले आगामी पुस २५–२६ गते काठमाडौँमा हुने १५औँ महाधिवेशनलाई सफल बनाउन देशभरका जिल्ला तथा स्थानीय तहका संरचना सक्रिय राख्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार सर्लाहीमा नेतृत्व व्यवस्थित गर्दै पार्टीको संगठनात्मक गतिविधि सुदृढीकरण, सदस्यता वितरण तथा नवीकरण, अधिवेशन तयारी र आन्तरिक समन्वय सशक्त बनाउन सरोज कुमारलाई जिम्मेवारी दिएको सूचना तथा सञ्चार प्रचार प्रसारका विभाग मधेश प्रदेशका सचिव निकेश त्रिपाठीले बताए ।


JOB Announcement

Vacancy Announcement in reputed



Bhet Ghat
Sekuwa Corner
"बस्न र खानाको सुविधा छ"
Birgunj-14, Murli Chowk, Parsa

| Post | Number | Salary |
|---|---|---|
| Cook | 01 | Rs. 25,000/- (Negotiable) |
| Assistant Cook | 01 | Rs. 18,000/- (Negotiable) |
| Waiter | 03 | Rs. 10,000/- to 14,000/- |

Contact
Mob.- 9802916451, 9705916451
Email:- bhetghatsekuwarcorner@gmail.com


# विभेदविरुद्ध जाग्दै मधेशका महिला

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**
सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा विभेद्मा परेका मधेशको महोत्तरीका महिला अब सङ्गठित हुँदै सामूहिक आवाजले यी क्षेत्रमा उपस्थिति जनाउँदैछन् । लैङ्गिक विभेद्विरुद्ध सङ्गठन र सामूहिक आवाजले नै उभिन सिकाएको आन्दोलनमा जोडिएका महिलाको अनुभव छ । महोत्तरीमा महिला सशक्तीकरण अभियानमा रहेका महिलाले विभेद्मा परेकाहरुबीचको आपसी सङ्गठन र सामूहिक आवाजले आन्दोलन सवल बन्दै गएको बताएका छन् । 'मेरो मात्र कुरा होइन, हामी दबिएका जोसुकै महिलाका लागि सङ्गठन र सामूहिक आवाज नै शक्ति रहेछ,' जीवनमा खाएका हण्डर र त्यसबाट निस्कन गरिएका प्रयत्न सम्झँदै महोत्तरीको रामगोपालपुर–९ गोठबनौलीकी बनिहारा (श्रमिक महिला) ४० वर्षीया फुलोदेवी शर्मा भन्छिन्, 'समाजमा भोगिएको अपहेलना र पाइलापाइलामा भोगिएको विभेद् सशक्त रुपले उठाउन सङ्गठनले नै सिकायो ।' विभेदविरुद्ध सङ्गठित हुँदै आफ्ना कुरा ठाउँमा पु¥याउन थालेपछि समाजले पनि उभिने ठाउँ दिने गरेको शर्माको अनुभव छ ।




विगतमा गरिबी, अभाव र महिला भएकै कारण परिवार र समाजबाट जीवनमा भोगिएका दुःखका भारी छन् फुलोेसँग । पति काम गर्न बाहिर जान नदिने र घरमा खाने अन्न नभएका ती दुःखका दिन सम्झँदै कहाली लागेर आउने उन सम्झनुहुन्छ । पूरा नाउँ फुलोदेवी शर्मा भए पनि साथीसँगी र आफूभन्दा ठूलाले उनलाई 'फुलोे' भनेर बोलाउने गरेका छन् । 'नाउँ भन्दा सुन्दा त 'फुलोे' (सुकोमलको भावमा) छ नि ! तर जीवनमा भोगिएका हण्डर सम्झँदा मान्छे थिएँ कि थिइन झैँ हुन्छ,' उनी भन्छिन् । तीन छोरा र एक छोरीसहित चार सन्तान र आफ्नो गुजाराका लागि मजदुरी गर्न पनि सुविस्ता साथ नपाएको उनको विगत छ । ससाना लालाबालालाई बोक्दै, डो¥याउँदै इँटाभट्टामा काम गर्न जाँदा जीवन सम्झेर दिक्क लाग्ने गरेको उन विगत सम्झिन्छिन् । 'सानो छोरालाई पिठ्युँमा बोक्थेँ, दुई छोरा र एक छोरी पछि लाग्थे, घरमा खाने अन्न केही नहुँदा मैले दुई पैसाका लागि इँटा भट्टाको काम थालेकी थिएँ,' उनी विगत सम्झँदै भन्छिन्, 'तर पति र घरका परिवारले ढुक्कसँग मजदुरी गर्न पनि दिँदैनथ्ये ।' यसरी काम गर्न निस्कदा कैयन पटक पतिको कुटाइ र परिवारजनको गाली खाएको उनी सम्झिन्छिन् ।

काममा जान घर मात्र असहयोगी नभइ सामाजिक परिवेश नै महिलाका लागि पाइलैपिच्छे काँडैकाँडाले भरिएको हुने उनको अनुभव छ । 'इँटाभट्टामा काम गर्दा थाहा पाएँ, कामबापतको पारिश्रमिकमा पनि हेला गरिँदोरहेछ,' उनले विगत सम्झँदै भनिन्, 'उही काम गरी सक्दा पुरुषले पाउने बनी (मजदुरीबापतको पारिश्रमिक) र हामी महिलाले पाउने त धेरै फरक रहेछ ।' यसको विरोध गर्दा कामबाटै निकालिने मालिकको धम्कीले आपूm सहितका महिला बाध्य भएर काममा जोतिनुपर्ने विगतको सम्झनाले फुलोको मन अहिले पनि भरङ्ग हुन्छ । 'पुरुषले त्यही काम गर्दा ५ सयदेखि एक हजार रुपैयाँसम्म बनी लिन्थे, महिलाले भने त्यसको आधीमै चित्त बुझाउन पथ्र्यो,' उनी विगत सम्झँदै भन्छिन् । यिनै दुःखका दिनमै आफ्नो बस्तीमा महिला सचेतनाका कार्यक्रम सञ्चालन हुन थालेपछि आँखा खुलेको उनको सम्झनामा छ । 'बस्तीबस्तीमा महिलामाथि हुने थिचोमिचोका घटना समाचार बन्न थाले, विभिन्न सामाजिक संस्थाका कार्यकर्ताले बस्तीका महिलालाई सरकारले महिलाका लागि बनाएका विशेष कानुनबारे जानकारी दिँदै सङ्गठित हुन र सामाजिक विभेद्काविरुद्ध ठाउँठाउँमा सामूहिक आवाज उठाउन उत्प्रेरित गरे,' उनी भन्छिन्, 'हाम्रो बस्तीमा पहिले रतौली युवा क्लबले 'स्थानीय अधिकार कार्यक्रम'बाट महिलालाई समूह बनाएर सङ्गठित हुन सिकायो, यो अभियानले महिलाहरुमा हौसला जगायो, हामीले सरकारी अड्डा र स्थानीय तहसहितका ठाउँठाउँमा महिलाप्रति हुने विभेद्विरुद्ध समूहकै तर्फबाट ज्ञापनपत्र दिन थाल्यौँ ।' यस क्रममा ती ठाउँबाट पाइने वास्ता र चासोले आपूmविरुद्धका विभेदसँग सामूहिक रुपमा प्रतिवाद गर्ने र सङ्गठित हुन सिकाएको उनको अनुभव छ । पछिपछि परिवार पनि सकारात्मक हुँदै गएपछि काममा सहज हुँदै गएको उनी बताउछिन् ।

अहिले रामगोपालपुर नगर क्षेत्रमै बनिहारा (श्रमिक) महिलाका मात्रै आठ वटा समूह क्रियाशील छन् । अहिले १ सय ९७ महिला सङ्गठित भएका यी समूहले बस्तीबस्तीका महिलालाई महिलाका लागि राज्यप्रदत्त विशेष सुविधाका व्यवस्थाबारे जानकारी दिँदै यिनको उपयोगका लागि सङ्गठित हुन प्रेरित गर्ने गरेको उन बताउँछन् । यी समूहमा महिला अधिकारका विषयमा छलफल गरिने र राज्यका विभिन्न निकायमा ती व्यवस्थाको कार्यान्वयनका लागि दबाब बढाइने गरेको समूहका महिला बताउँछन् । 'हामी आफ्नै बस्तीका महिला मिलेर समूह बनाएर हरेक समस्यामा छलफल गर्ने गरेका छौँ,' रामगोपालपुर–१ लक्ष्मीपुरकी ४५ वर्षीया राधादेवी मण्डल भन्छिन्, 'महिलाका लागि राज्यले गरेका विशेष सुविधा एवं संविधान र कानुनमा महिलाका लागि भएको व्यवस्था कार्यान्वयनकै लागि पनि आवाज नै उठाउन पर्दोरहेछ, हामीले धेरैपछि यो कुरा बुझ्यौँ ।'

रामगोपालपुरका महिलाजस्तै जिल्लाका अन्य भेगका महिलाले पनि विभेद्विरुद्ध उभिन सङ्गठन नै मुख्य हुने अनुभव सँगालेका छन् । 'हामी महिला एकजुट भएर कार्यालयमा पुगेपछि केही सुनवाइ हुने गरेको छ,' भङ्गाहा–४ रामनगरकी सामाजिक अगुवा ५५ वर्षीया दीपमायाँ श्रेष्ठ भन्छिन्, 'यसका लागि समूह (सङ्गठन) मुख्य ताकत रहेछ ।' अचेल सामाजिक र राजनीतिक अवसरका लागि बल्ल महिलाको खोजी हुन थालेको श्रेष्ठ बताउँछिन् । जिल्लाका विभिन्न स्थानीयतहका बस्तीमा किशोरीहरुले छुट्टै समूह बनाएर आपूm हरुका चासोबारे विभिन्न निकायको ध्यानाकर्षण गराउने क्रम पनि अब बाक्लिएको छ । 'हामीले किशोरी अवस्थाको स्वास्थ्य सचेतना, शिक्षाको अवसर, बालविवाहविरुद्ध सचेतना र आर्जनका अवसरका लागि स्थानीयतहलाई घच्घच्याइ रहेका हुन्छौँ,' रामगोपालपुर–९ कै दलित बस्तीकी १६ वर्षीया किशोरी बिना चमार भन्छिन्, 'सङ्गठित भएर सामूहिक रुपमा अघि बढ्दा हाम्रा कुराले वास्ता पाएका छन् ।' आफ्नो नगर क्षेत्रमा किशोरी सरोकारकै क्षेत्रमा सचेतना बढाउने अभियानमा सङ्गठित रुपले लागेका यस उमेर समूह (१३ वर्षदेखि १९ वर्ष सम्मका) २ सय बढी अभियानी रहेका रामगोपालपुर–१ की १७ वर्षीया सङ्गीता मण्डल बताउँछिन् ।

'विभेदविरुद्ध होस् कि अधिकार प्राप्तिका लागि होस्, सङ्गठन अपरिहार्य रहेछ,' मण्डल भन्छिन्, 'हाम्रा किशोरी समूहले उठाएका विषयले राज्यका निकायमा महत्व पाउन थालेपछि सङ्गठित हुने क्रम बढेको छ ।' पाँच–छ वर्षअघिसम्म बालविवाह यहाँको आम कुरा रहेको बताउँदै मण्डलले भनिन्, 'अब भने कानुनको डर सचेतना अभियानले बढाउँदा बालविवाहका घटना निकै पातलिएका छन् ।' जिल्लाका ग्रामीण बस्तीमा अझै आम महिला आफ्ना समस्या भन्नसक्ने अवस्थामा छैनन् । यिनलाई पनि विभिन्न सामाजिक संस्था र समूहमा आबद्ध गराउँदै अधिकार प्राप्तिका लागि आवाज उठाउन उत्प्रेरित गर्न आवश्यक रहेको राजनीतिक क्षेत्रका सक्रिया महिला बताउँछन् । 'मुख्य कुरा महिलालाई सङ्गठित हुन प्रेरित गर्नुपर्छ, यसले अधिकार र कर्तव्यबारे जिज्ञासु बनाउने र त्यसको प्राप्तिका लागि आवाज उठाउन सक्ने बनाउँछ,' बर्दिबास–३ की बासिन्दा नेकपा (एमाले) को मधेश प्रदेश कमिटी सदस्य सरस्वती चौधरी भन्छिन्, 'यसले राजनीतिक उपलब्धिको रक्षामा सचेत गर्नसँगै अवसरका लागि उत्सुक बनाउँछ ।'

ग्रामीण बस्तीमा गठन भएका सामाजिक र आर्थिक गतिविधिका विभिन्न समूहमा महिला आबद्धता बढेपछि यसले राजनीतिक चेतना अभिवृद्धिमा पनि सघाउ पु¥याएको चौधरीको अनुभव छ । 'घरको कामकाज र बुहार्तन महिलाकै जिम्मामा भए पनि आर्थिक स्रोतमा भने पहुँच अझै निकै कम छ, बस्तीबस्तीमा विभिन्न सामाजिक सङ्घसंस्थाको समन्वयमा आयआर्जनका सीप र काममा महिला लागेपछि यिनले पनि आफ्नो थैलीमा केही पैसा राख्न सक्ने भएका छन्,' चौधरी भन्छिन्, 'यो आर्थिक उपार्जनले परिवारमा महिलाको स्थान सम्मानीत बनाउँदै लगेको पाइन्छ ।' यस्ता सामाजिक सङ्घसंस्था र समूहमा आबद्ध महिला राजनीतिक रुपमा पनि जागरुक हुँदै गएका चौधरीको मूल्याङ्कन छ ।

चौधरीजस्तै नेपाली कांग्रेसका नेता तथा भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिसिंह थारु पनि महिला अधिकारको प्राप्ति र संविधानमा भएका विशेष व्यवस्थाको कार्यान्वयनका लागि सङ्गठनको आवाज सहयोगी मात्र नभइ कतिपय सन्दर्भमा निर्णायक भएको बताउनुहुन्छ । पछिल्ला केही दशकयता महिला अधिकारका क्षेत्रमा उल्लेख्य सुधार र उपलब्धि पनि महिलाको सङ्गठित आवाजकै प्रतिफल भएको सिंहको भनाइ छ । महिलाप्रतिको विभेद्को अवस्था चिर्न उनीहरुलाई सङ्गठित हुन अभिप्रेरित गर्नसँगै सहभागितामूलक राजनीतिक अवसरमा पहुँच बढाउन आवश्यक रहेको विभेद्विरुद्धको अभियानमा सक्रिय रहेका महिला बताउँछन् । राजनीतिक दलहरुले अवसरमा लाने महिला योग्यभन्दा आफ्ना आज्ञाकारी छान्ने परिपाटी रहेको आम गुनासो छ । यो गुनासोको सम्बोधन गर्दै दलहरुले पहलकदमी लिएमा कम समयमा बढी उपलब्धि हासिल हुने बर्दिबास–३ गौरीडाँडाकी सामाजिक अभियानी डोमा शाही विष्ट बताउँछिन् ।

# उद्योग वाणिज्य संघमा उम्मेदवारी घोषणा

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्ला उद्योग वाणिज्य संघ लहानको ३५ औँ अधिवेशनबाट नेतृत्व चयनको लागि शुरु भएको उम्मेदवारी घोषणा कार्यक्रममा व्यापारी तथा उपभोक्ताले व्यापारी पलायन रोक्न माग गरेका छन् । अध्यक्ष पदका लागि वर्तमान कार्यसमितिका सचिव प्रदीप गुप्ता र वर्तमान महासचिव श्याम गुप्ताले उम्मेदवार घोषणा गरेका छन् । अध्यक्ष पदमा उम्मेदवारद्वय प्रदीप र श्यामसँग मतदाता व्यापारी र आमउपभोक्ताले लहानको व्यापार पलायन भएर उजाडको अवस्थामा आए पनि किन रोक्न नसकेको प्रश्न गरिरहेका छन् ।



लहानमा रहेका चारवटा राइस मिलसमेत विस्थापित भएकाले पुनः सञ्चालन हुनुपर्ने मागसमेत व्यापारी र उपभोक्ताले गरेका छन् ।

मुरारका र शारडा परिवारले व्यापारबाट हात झिकेपछि लहान सुनसान भएको ध्यान समेत उपभोक्ताहरुले गुनासो पोखेका छन् ।

लहान–५ का इसराइल सिद्धिकीले कुखुरा व्यापार होस् चाहे किराना लुगाकपडा र रड सिमेन्टको समानहरु होस् लहानको विकल्पमा अन्य बजारहरु रोज्न उपभोक्ता बाध्य भएपछि लहानको व्यापारी र उपभोक्तासमेत पलायन हुने क्रम जारी छ ।

## सम्पादकीय

# पर्सामा धान उत्पादनमा आएको ह्रास

यस वर्ष पर्सा जिल्लामा धान उत्पादन भारी ह्रास देखिएको छ । उत्पादनमा एकैपछि १३ प्रतिशतले घटेपछि यसले किसानहरुलाई मात्रै मार पर्ने देखिन्न । चामल आयातमा मोटो रकम खर्च गर्नु पर्ने भएको छ । यो असार साउनमा परेको खडेरी, कार्तिकको भएको बेमौसमी वर्षाले धानबाली डुवानमा परेपछि उत्पादनमा कटौती भएको छ । यस्तै, ढिलो गरी धानबाली लगाउनु, औसतभन्दा कम वर्षा हुनु, धानबालीमा गवारो कीराको सङ्क्रमण हुनुजस्ता कारणले पनि किसानले फसलमा निरासा भित्र्याएका हुन् । कृषि ज्ञान केन्द्र पर्साका अनुसार, उत्पादन घट्नुका विविध कारण छन्, तर मार पहिला किसानले मात्रै खाने हो । कम उत्पादन भएर माग बढी भएपछि मूल्य बढेर उपभोक्ताको ढाड सेकिने हो ।

पर्सामा कूल धान रोपाइँ हुने खेतीयोग्य जग्गामध्ये २०८२–८३ मा ९७ प्रतिशत अर्थात् ४७ हजार १ सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र पर्साको विवरणमा उल्लेख छ । पर्सामा प्रतिहेक्टर ३.६७ मेट्रिक टनका दरले ४७ हजार १ सय ३० हेक्टरमा लगाइएको धान बालीबाट १ लाख ७२ हजार ९ सय ६७ मेट्रिक टन धान उत्पादन भएको छ । गत आर्थिक वर्ष २०८१–८२ मा ४५ हजार चार सय ६० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकोमा प्रतिहेक्टर चार दशमलव दुई मेट्रिक टनका दरले १ लाख ९७ हजार ९ सय ४६ मेट्रिक टन धान उत्पादन भएको थियो । पर्सामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । पर्सामा भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुने भूमि छ । हरेक वर्ष किसानले पुरानै समस्या झेल्छन् । धान रोपाइँ समयमा हुँदैन । किनभने मधेशमा हत्पत्ति वर्षा हुँदैन । अनि सरकारले जे जवाफ दिए पनि किसानले सिँचाइ तथा मलको सुविधा पाउन दलाली संसार चाहार्नै पर्छ । धानमा अनेक रोगको सङ्क्रमण हुन्छ । यसले उत्पादन घट्छ । गत वर्षको तुलनामा यसवर्ष २४ हजार ९ सय ७९ मेट्रिक टन धान उत्पादनमा कमी आएको छ । १२ दशमलव ६१ प्रतिशत उत्पादन घटेको छ । पर्साजस्तै मधेश प्रदेशका आठ वटै जिल्लामा धान खेती प्रभावित भएको छ । विगतका वर्षहरूमा समयमा मल, बीउ बिजन र कीटनाशक औषधि नपाएर धानलगायतका बाली प्रभावित हुँदै आएको छ । यो वर्ष चैँ असोज र कात्तिकमा परेको बेमौसमी वर्षा तथा असार साउनको खडेरीले धान खेती प्रभावित भएकोहो ।

# ‘अब हामी धेरै कुर्दैनौँ’



**टिकाराम सुनार**

कैलालीकी सरिनाकुमारी चौधरीले आफ्नो प्रेमीका लागि सबै सुम्पिइन्–समय, सम्पत्ति र सपना । यी सबै बेचेर प्रेमीले आफूलाई बनाए । सामान्य चिकित्सा (एचए) पढे । कमाउने भए । बदलामा चौधरीलाई भने तिरस्कार मिल्यो । ‘तिरस्कार मात्रै के भन्नु ! कुटपिट, लाञ्छना र हिंसा मिल्यो । मैले आफूलाई रित्याएर उसलाई बनाएँ तर उसले आफू बनेपछि मलाई धोका दियो,’ उनले बेदना सुनाइन् ।

उनको सम्बन्ध परिवारको सहमतिअनुसार नै भएको थियो । अन्तिममा धोकाको अगाडि परिवारको बन्धनले बाँधिरहन सकेन । पाँच वर्षको सम्बन्ध वियोगान्त भयो । ‘परिवारको सहमतिमा मगनी भयो र केही समयपछि बिहे गर्ने सहमति थियो । सहमतिअनुसार मैले आफ्नो पढाइ छोडेर काम गरेर उसको पढाइमा सहयोग गरेँ । पाँच वर्ष श्रीमान–श्रीमतीजस्तै बस्यौँ, तर अन्तिममा धोका पाएँ ! उसले पढाइ सकेपछि विभिन्न लाञ्छना लगाएर कुटपिट तथा हिंसा गर्न थाले । जति गर्दा पनि सम्बन्ध नजोगिने भएपछि कानूनको ढोका ढक्ढक्याएँ । पछि आफ्नो अधिकार र अंश लिएर अलग्गै बसिरहेकी छु,’ सरिनाले भनिन् ।

चितवन माडीकी सुस्मा महतले बिहे गरेको नौ वर्ष भयो । दुई सन्तान छन् । केही समयअघि श्रीमानलाई माइतीको जमिन बन्धकी राखेर उनले विदेश पठाइन् । शुरुमा जिन्दगी ठिकठाक चलिरहेको थियो तर त्यो लामो समय चलेन । एकाएक विदेशमा रहेका श्रीमानसँग सम्पर्क टुट्यो । त्यसबीचमा परिवारलाई थाहै नदिई श्रीमान् नेपाल आएका रहेछन् । ‘नेपाल आएको पनि अर्कै व्यक्तिबाट सुनेँ । एउटा केटीसँग बसिरहेको छ भनेर थाहा पाएपछि म त छाँगाबाट खसे झैँ भएँ । घटना प्रहरी प्रशासनसम्म पुग्यो, पटकपटक मेलमिलापमा टुङ्गियो,’ उनले भनिन्, ‘मेलमिलापपछि फेरि उही कुरा दोहोरियो, केही समय मसँग बस्ने फेरि हराउने । पछि श्रीमान् र त्यो केटी मिलेर दुःख दिन थाले । घर परिवारले साथ दिएन ।’

महतका अनुसार माइती पक्षले श्रीमानलाई विदेश पठाउन बन्धकी राखेको जमिन छुटाउन भन्छन्, स्थानीय ऋणीले ऋण चुक्ता गर्न दबाद दिन्छन्, तर साथमा न श्रीमान् छन् न त सम्पत्ति । अचेल उनी माइतीघरमा बस्न बाध्य हुनुपरेको छ । ‘सानै उमेरमा विवाह भयो, १७ वर्षमा पहिलो र १९ वर्ष दोस्रो सन्तान भए । अब त सन्तान हुर्किए भनेर सोचेकामा अर्को समस्या आइलाग्यो । सन्तानकै चिन्ताले श्रीमानको हिंसा सहेँ, अब त अत्ति भएपछि घर छाडेर न्यायका लागि लडिरहेकी छु । अब सहन्नँ,’ उनले भनिन् ।

धनुषा ढल्केबरकी ललितादेवी महतोले मौनता तोडेपछि नै हो न्याय पाएको । परिवारले न्यायको चित्कार सुन्न छोडिसकेको थियो । छिमेकीले अर्काको घर झगडामा किन चासो राख्नु भनेर बेवास्ता गर्न थालिसकेको थियो । घरेलु हिंसा बढ्दै गएपछि उनले अधिकारको लडाइँ लडिन् र न्याय पनि पाइन् । ‘मलाई झुक्याएर विवाह गरियो । घर परिवारले नै धर्म संस्कारअनुसार हाम्रो बिहे गरिदिए, केही समयपछि त उनको अर्को श्रीमती छ भन्ने थाहा पाएँ । छोराछोरी भए । जब सन्तानको जन्मदर्ता र मेरो नागरिकताको कुरा आयो, तब हिंसा शुरु भयो । बिहे गर्दादेखि चुपचाप रहेकी अर्को श्रीमतीले अब अवरोध गर्न थालिन्,’ महतोले सुनाइन् ।

न्यायका लागि स्थानीय प्रशासनमा गएपछि बहुविवाहको कुराले समस्या भयो । पालिका र जिल्ला प्रशासन कार्यालयबाट माग सुनुवाइ नभएपछि महतो अदालत गइन् । अदालतको फैसलाअनुसार नागरिकता, छोराछोरीको जन्मदर्ता र सम्पत्तिमा अधिकार स्थापित भएको छ । ‘मैले आवाज नउठाएको भए अहिले पनि हिंसा भोगिरहेकी हुन्थेँ होला ! न्यायका लागि बोलेँ, अदालतले पनि गुमराहमा राखेर बिहे गरेकाले सन्तानलाई त्यसको सजाय दिन मिल्दैन भनेर फैसला ग¥यो अनि तुरुन्तै नागरिकता पाएँ,’ उनले भनिन्, ‘अहिले श्रीमान्बाट अंश पाएकी छु । सानो पुँजीबाट लाखौँको सम्पत्ति जोडेकी छु । सामाजिक न्यायको कुरा गरिरहेकी छु । हिजो मलाई अन्याय गर्ने पहिलो श्रीमतीको न्यायका लागि पनि आज मैले नै बोल्नुपरेको छ ।’

सरना, ललिता र सुस्मा मात्रै होइन, विभिन्न बहानामा बर्सेनि हजारौँ महिलाले हिंसाको सामना गर्नु परिरहेको छ । आफूमाथि भएको अन्यायका विरुद्ध लड्नेहरुले न्याय पनि पाएका छन् । नेपाल प्रहरीमा आर्थिक वर्ष २०८१–८२ मा १७ हजार ५ सय ९ घरेलु हिंसाका घटना दर्ता हुँदा त्यसमा १५ हजार ५ सय भन्दा बढी महिला र बालिकासँग सम्बन्धित छन् । घरेलु हिंसा सो अवधिमा दर्ता भएका कुल घटनाको ८१ दशमलव ५६ प्रतिशत छ । सोही अवधिमा दुई हजार २६२ माथि बलात्कार भएको छ, जसमा एक हजार ४ सय ३७ बालिका मात्रै छन् ।

नेपालमा मात्रै होइन, विश्वभर नै आफ्नै नजिकका मान्छेबाट धेरैजसो महिला र बालिका हिंसामा परिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडीसी) र संयुक्त राष्ट्र महिला (युएन वुमेन) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले विश्वमा हरेक १० मिनेटमा आफन्तबाटै एक महिलाको हत्या हुने गरेको देखाएको छ । यस्तै, विश्व स्वास्थ्य सङ्गठनको अध्ययनअनुसार विश्वभरका करिब तीनमध्ये एक महिला (अनुमानित ८४० मिलियन) ले आफ्नो जीवनकालमा नजिककै व्यक्तिबाट यौन हिंसाको कुनै न कुनै स्वरूप भोगिसकेका छन् ।

गत १२ महिनामा मात्रै ३ सय १६ मिलियन महिला (१५ वर्ष वा सोभन्दा माथिका कुल महिलाको ११ प्रतिशत) नजिकका (घरेलु–अन्तरङ्ग) साझेदारबाट शारीरिक वा यौन हिंसा भोग्न बाध्य भएका त्यो प्रतिवेदनमा उल्लेख छ । अध्ययनमा भनिएको छ, ‘१५ वर्षको उमेरपछि २ सय ६३ मिलियन महिलाले गैरसाझेदारबाट यौन हिंसा भोगेका छन् । यद्यपि, विशेषज्ञहरूका अनुसार यो संख्या वास्तविकताभन्दा धेरै कम देखिएको हुनसक्छ, किनकी यस्ता घटनाहरू बदनाम, लाज र डरका कारण उजागर हुँदैनन् ।’

दलित महिला सङ्घ (फेडो) ले हालै सार्वजनिक गरेको अध्ययनमा पनि उक्त संस्थामा दर्ता भएका ४ सय ३९ उजुरीमध्ये २ सय १२ घटना घरेलु हिंसाका छन् भने नेपाल प्रहरी तथा सरोकार भएका निकायमा आउने उजुरीअनुसार नेपालका हरेक एक सय जना महिलामा ८० जना घरेलु हिंसामा पर्ने गरेको र हरेक दिन सरदर सात जना बलात्कृत हुने गरेको तथ्य प्रतिवेदनमा उल्लेख छ ।

महिला पुनस्र्थापना केन्द्र (ओरेक) को तथ्याङ्कमा पनि कुल घटनामा ७२ प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित भएको उल्लेख छ । मानवअधिकार आयोगको दस्तबेजमा २ सय ४७ घटनामध्ये महिला र बालिकामाथि घरेलु हिंसाका ७३ र यौनजन्य हिंसाका २६ घटना छन् । राष्ट्रिय महिला आयोगमा महिलासँग सम्बन्धित मानसिक हिंसाका १ सय ९५, आर्थिक हिंसाका २ सय ७७, शारीरिक हिंसाका २ सय ४६ र यौन हिंसाका नौ वटा घटना अभिलेख भएका छन् ।

यी तथ्यले महिला तथा बालिकाहरु आफ्नै घर र आफन्तबाटै सुरक्षित नरहेको विषय उजागर गरेका छन् । ओरेकका संस्थापक डा रेणु राजभण्डारी विभिन्न निकायका अध्ययनले बिहे भएका महिलामाथि घरेलु हिंसा, अविवाहित बालिकामाथि यौन हिंसा हुने गरेको र त्यसमा आफन्त तथा नजिककै व्यक्ति संलग्न हुने गरेको डरलाग्दो प्रवृत्ति देखाएको बताउँछिन् । यी घटना पनि हिंसा सहनुहुन्न भन्ने साहस भएकाहरु जोखिम मोलेर बाहिर आएकाले थाहा हुने गरेको भन्दै उनले अझै पनि विभिन्न कारणले हिंसा सहेर बस्नेहरुको वास्तविक संख्या दबिएरै बसिरहेको बताउँछिन् ।

‘हाम्रो समाजले महिलालाई सानैदेखि सहन सिकाउँछ । गलत भनाइ, दबाब र हिंसालाई ‘घरका कुरा’ भन्दै भित्रै राख्न सिकाइन्छ । महिलालाई नै आफैँलाई दोषी ठान्न बाध्य पार्ने संरचनागत अवस्था छ । आफ्नो पीडा भनी हालेमा थप हिंसा हुने मनोवैज्ञानिक त्रासले धेरै महिलाहरू चुपचाप पीडा सहन बाध्य छन्,’ डा राजभण्डारी भन्छिन्, ‘तर, चुप बस्दा पीडा घट्दैन, हिंसा पनि स्वतः हराउँदैन—बरु, समयसँगै अझै गहिरिन्छ । पीडकहरुको मनोबल थप बढ्छ । त्यसैले आफ्नो वर्षौँको मौनता भङ्ग गर्नेहरुले नै न्याय पाउने हो । हाम्रा अध्ययनले पनि त्यही देखाउँछन् ।’

फेडोका संस्थापक अध्यक्ष दुर्गा सोव महिलामाथि समाजका संस्कारगत मान्यता, परिवारको इज्जत र सन्तानको भविष्यको डर देखाएर हिंसा भइरहेको भन्दै अब सहेर बस्ने अवस्था नरहेको बताउँछिन् । ‘महिलाहरूले विभिन्न प्रथा, परम्परा र जिम्मेवारीका कारणले पीडा सहँदै न्यायका लागि वर्षौंदेखि पर्खिरहनुपरेको छ । बर्सेनि उजुरीका घटना बढिरहेका छन्, यसले अब सहँदैनौँ भन्ने सङ्केत त गर्छ, तर हिंसा गर्नेहरु रोकिएका छैनन् भन्ने उदारहण पनि हुन् यी । अब कि हिंसा गर्नेहरु रोकिनुपर्छ, नभए महिलाहरूले आफूलाई बदल्नैपर्छ,’ उनी भन्छिन् ।

सामाजिक अभियन्ता एवम् नेतृ लक्ष्मी परियार अब विस्तारै सुधार हुँदै जाला भनेर पर्खिने समय नरहेको बताउँछिन् । ‘हरेक कुरा समयक्रममा ठिक हुँदै जान्छ भनेर सिकाइयो । अझै पनि धेरैजसोले पितृसत्ता र संरचनागत विभेद्का घटनामा त्यही भनिरहेको सुन्छु । विगतमा हिंसा र विभेद भोग्नेहरुले धेरै पर्खियौँ, धेरै सह्यौँ, त्यसले पीडकको मनोबल बलियो बनाउने र हिंसा सहनेहरुलाई झन्झन् किनारामा धकेल्ने अवस्था बनाउँदो रहेछ । अब समय बदलिने प्रतीक्षामा बस्नुहुँदैन, न्याय, समानता र परिवर्तनका लागि आवाज उठाउनुपर्छ,’ उनले भनिन् ।

**‘पीडित होइन, पीडक रोकिनुपर्छ’**

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान मनाइन्छ । यस अवसरमा नेपालमा पनि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले विभिन्न कार्यक्रम गरेर हिंसाविरोधी अभियानमा ऐक्यबद्धता जनाउँछन् । यसवर्ष पनि त्यस्तै भयो । अधिकारकर्मीहरुले अझै पनि महिलालाई घर, समाज, धर्म, कानूनलगायत सामाजिक संरचनाले अगाडि आउन समस्या भइरहेको दाबी गरे । विभिन्न अध्ययनले पनि समाजमा जागरुकता आइरहेको भए पनि हिंसाको स्वरुप पनि त्यहीअनुसार फेरिँदै गएको देखाएका छन् ।

सूचना प्रविधिको विकाससँगै अपलाइनमा हुने हिंसा अनलाइनमा सर्दै जानु त्यसैको उदाहरण भएको अधिकारकर्मीको भनाइ छ । साइबर ब्यूरोका गत एक वर्षका १८ हजार ९ सय २६ उजुरीले प्रविधि–आधारित हिंसा सामाजिक रूपले व्यापक फैलिँदो गएको प्रष्ट देखाउँछ । महिला र बालिकाहरू प्रविधि–आधारित हिंसामा बढी जोखिम (४४.०७७ प्रतिशत) मा रहेका ब्यूरोको तथ्याङ्क छ । यसले अफलाइन (भौतिक) हिंसाजस्तै अनलाइन हिंसा पनि महिला र बालबालिकाको लागि मुख्य सुरक्षा चुनौतीका रुपमा रहेको देखाएको छ ।

नेपालमा मात्रै विश्वका ५८ प्रतिशत युवती वा किशोरीले कुनै न कुनै किसिमको अनलाइन दुव्र्यवहार झेल्ने र यसमध्ये अधिकांशले १४ देखि १६ वर्षकै उमेरमा पहिलो पटक हिंसा भोग्ने गरेको युनिसेफले हालै सार्वजनिक गरेको एउटा विवरणमा उल्लेख छ । एसिया प्रशान्त क्षेत्रका तीनमध्ये एक महिला सांसदले अनलाइन आक्रमण खेप्ने गरेका, हरेक आठमध्ये एकले १८ वर्षको उमेरभन्दा पहिले (बाल्यकाल–किशोरावस्थामा) बलात्कार वा यौन शोषण भोगिसकेको र पाँचमध्ये एक जनाले अनलाइन वा शाब्दिक हिंसा भोगेको विवरणमा उल्लेख छ ।

अधिकारकर्मी रेणु सिजापति सामाजिक चेतना बढ्दै गए पनि हिंसा गर्नेहरु त्योभन्दा एक कदम अगाडि बढेर हिंसाका नयाँ स्वरुपमा अभ्यस्त हुने गरेको अवस्था सुनाउँछिन् । त्यस्ता प्रवृत्तिले अझै पनि महिलाको शरीर, श्रम, गतिशीलता, यौनिकतामाथि नियन्त्रण राख्न खोज्ने गरेको उनको बुझाइ छ । ‘हजारौँ वर्षदेखि महिलालाई विभिन्न तरिकाले हुँदै आएको उत्पीडनको संरचना, विचार तथा व्यवस्था अझै विद्यमान छ । त्यसविरुद्ध इतिहासका हरेक कालखण्डमा महिलाले विविध प्रकारले प्रतिरोध, संघर्ष र आन्दोलन गर्दै आएका छन्,’ सिजापतिको भनाइ छ, ‘पछिल्लो समय समान अधिकार, समानता र भेदभावरहीत व्यवहार, यौन उत्पीडन, घरेलु हिंसा र श्रमको सम्मानका लागि संघर्ष गरिरहनुपरेको छ ।’

नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रहरी उपरीक्षक श्यामसिंह चौधरी पछिल्लो समय अनलाइनमार्फत हुने हिंसा, घरेलु हिंसा र यौनजन्य घटना बढिरहेकाले यस विरुद्ध सबै लाग्नुपर्ने बताउँछन् । ‘प्रहरीले स्वअनुगमन र उजुरीमा आधारित रहेर कामकारबाही गरिरहेको छ । कुनै पनि नाममा हुने हिंसालाई हामीले तदारुकताका साथ सम्बोधनको प्रयास गर्छौं, यसमा सबै पक्षबाट सकारात्मक सहयोगको आवश्यकता छ । साथै, पीडित आफैँ बढी जागरुक हुने, हिंसा नसहने र न्यायका लागि अगाडि सर्नुपर्ने हुन्छ, यसमा विस्तारै सुधार हुँदैछ,’ उनले भने ।

अधिकारकर्मी डा राजभण्डारी पनि पीडितले न्यायका लागि आफैँ अग्रसर नहुँदासम्म अरुले बोलेर मात्रै परिवर्तन नआउने बताउँछिन् । उनी हिंसापीडितले आफ्नो आवाज सशक्त रुपमा राखे परिवर्तन दिगो हुने धारणा राख्छिन् ।

‘म पहिलो संविधानसभाको समय सम्झिन्छु, महिला अधिकार र सुरक्षाका लागि हामीले लगातार २४ दिन आन्दोलन ग¥यौँ । आवाजको सुनुवाइ नभएपछि पेटिकोट लगाएर आन्दोलन गर्नुप¥यो । त्यसपछि नै सभामुखले आवश्यक कानून बनाएर कार्यान्वयन गर्न सरकारलाई ‘रुलिङ’ गर्नुभयो । लगत्तै घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ आयो,’ राजभण्डारीले सम्झिइन्, ‘मौनता तोड्यो, अधिकारका लागि लड्यो भने परिणाम आउँछ भन्ने यो बलियो उदाहरण हो । अब फेरि हिंसा न्यूनीकरणका लागि सामाजिक रुपान्तरणका लागि सामाजिक आन्दोलनको खाँचो देखिएको छ । यसमा जो प्रभावित छ, उसैले सङ्गठिन आवाज उठाउने र अरुले सहयोग गर्नुपर्ने देखिन्छ ।’

विभिन्न अध्ययनअनुसार महिला हिंसा अझै पनि ठूलो समस्याका रुपमा रहेको छ । यस्तो अवस्थामा सरिना, ललिताजस्ता थुप्रै प्रभावित महिलाहरुका उदाहरणले जब महिलाहरू बोल्न थाल्छन्, तब समाजले सुन्नैपर्छ भन्ने सन्देश दिएका छन् । त्यसैले अब समय र अवस्था बदल्न आफैँ बदलिनुपर्ने र अपराध कर्म रोक्नुपर्ने धेरैको मत छ । रासस

# सरकार र जेन्जी प्रतिनिधिबीच भएको सम्झौताको मुलभूत विशेषता

**नारायण न्यौपाने**

जेन्जी प्रदर्शनका क्रममा उठाएका मुलभूत मुद्दा मागहरू समयमै कार्यान्वयन गर्दै लैजाने सन्दर्भमा नेपाल सरकार र जेन्जी प्रतिनिधिबीच सहमति भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सम्झौताको प्रस्तावनामै भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक–सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वसम्बन्धी विषयको समयमै सम्बोधन नहुँदा भदौ २३ र २४ गते राजनीतिक–सामाजिक जनआन्दोलन निम्त्याएको वास्तविकतालाई स्वीकार गर्दै जनआन्दोलनमा मानवअधिकार उल्लङ्घन तथा हिंसाजन्य ज्यादतीका घटनाको स्वतन्त्र छानबिन गरी सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका उपाय अवलम्बन गरी दण्डहीनताको अवस्था अन्त्यको आवश्यकता औँल्याइएको छ ।

प्रस्तावनामा भनिएको छ, ‘जेन्जीको नेतृत्वमा भएको जनआन्दोलनपश्चात सिर्जित असाधारण परिस्थितिमा जनआन्दोलनका मागहरू सम्बोधन गर्न एउटा गैरदलीय, पारदर्शी, जवाफदेही, समावेशी र सक्षम अन्तरिम नागरिक सरकारको ऐतिहासिक आवश्यकताको उपजका रूपमा वर्तमान सरकार बनेको तथा जनविश्वास गुमाइसकेको सङ्घीय संसद्को प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तय गरिएको ऐतिहासिक तथ्यलाई स्वीकार गरिएको छ ।’

नेपाली जनताले प्रयोग गर्ने डिजिटल माध्यमलाई नागरिक अभिव्यक्तिको वैध माध्यमका रूपमा ग्रहण गरिएको प्रसङ्ग उल्लेख गर्दै नयाँ डिजिटल माध्यम, सांस्कृतिक प्रतीक र सिर्जनात्मक अभिव्यक्तिलाई वैध नागरिक राजनीतिक संलग्नताको रूपमा स्वीकार गरिएको जनाइएको छ ।

सम्झौतामा सुशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित सङ्घीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा, संस्कृति, लैङ्गिक तथा सामूहिक अधिकारको कार्यान्वयन तथा उद्यमशीलता, नवप्रवर्तन र अन्वेषण राज्यका भावी नीति र कार्यक्रमका मुख्य प्राथमिकता बन्नुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

सम्झौतामा शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतिकरणसहितको परिपूरणको व्यवस्था गरिने उल्लेख गर्दै जनआन्दोलनका क्रममा तत्कालीन सरकारबाट भएको दमन र व्यापक हिंसाका घटनामा शहादत प्राप्त गरेका व्यक्तिलाई शहीद घोषणा गर्नेलगायत शहीद परिवारका माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिने उल्लेख छ ।

सम्झौतामा भनिएको छ, ‘शहीद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्योपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतिकरण (मेमोरियलाइजेसन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिनेछ ।’

सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्ट्राचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिने, घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार गरिने तथा आरोपहरूको बिनाविभेद छानबिन गरी सत्यतथ्य खोजगरी फौजदारी जवाफदेहिता बहन गर्न सिफारिस गर्नेलगायत व्यवस्था गर्नेगरी जाँचबुझ आयोगलाई कार्यादेश थप गरिने उल्लेख छ ।

राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य गरिनुका साथै स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता गर्ने उल्लेख छ ।

बेजिल्ला तथा अन्तर निर्वाचन क्षेत्रमा मतदान गर्ने व्यवस्था हुने

बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गरिने तथा प्रवासी नेपाली नागरिक, पेसा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानुनी तथा संस्थागत पूर्वाधार विकासको प्रक्रिया अगाडि बढाइने सम्झौतामा उल्लेख छ ।

निर्वाचनका बखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरणसमेत बुझाउनुपर्ने, सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रूपमा मागी सोउपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरिने विषय सम्झौतापत्रमा परेको छ ।

यस्तै, नेपालको संविधानमा सुधार र सुझावसहितको प्रतिवेदन पेस गर्न स्वतन्त्र विज्ञ, जेन्जी र युवासहित सरोकार भएकाको सहभागिता रहनेगरी एक उच्चस्तरीय ‘संविधान संशोधन सुझाव आयोग’ गठन गरिने तथा जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधार गरिने उल्लेख छ ।

राष्ट्र प्रमुख र सरकार प्रमुख तथा मन्त्रिपरिषद्मा दुई कार्यकालमा सीमित गरिने

सम्झौतामा राष्ट्रप्रमुख, तीनै तहका सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यको कार्यकाल १० वर्षमा नबढ्ने गरी दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने तथा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने विषय पनि समावेश छ ।

न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्यायपरिषद्लाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधार गरिने विषयलाई प्राथमिकताकासाथ राखिएको छ ।

सम्झौताबमोजिम बन्ने संयन्त्रहरूमा यथाशक्य समावेशिता सुनिश्चित गरिने तथा पारदर्शी र जवाफदेही सरकारको अवधारणा अनुरूप सरकारले आफ्ना कामकारबाही, निर्णय तथा खर्चमा पारदर्शिता सुनिश्चित गर्नका लागि विधि, प्रक्रिया, कानुन, प्रविधि तथा संयन्त्रहरूमा आवश्यक सुधार, समायोजन र परिमार्जन गरिने उल्लेख छ ।

विगतमा भएका मानवअधिकार उल्लङ्घन तथा हिंसाका घटना र भ्रष्टाचारसँग सम्बन्धित छानबिनलगायतका विषयमा अध्ययन, अनुसन्धान गर्न गठन गरिएका सम्पूर्ण छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानुनको अधीनमा रही सार्वजनिक गरिनेछ तथा अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रताका विषयलाई उच्च प्राथमिकता दिइने उल्लेख छ ।

जेन्जी परिषद् गठन गरिने

जेन्जी आन्दोलनको मर्म र भावनाअनुसार शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान गर्न, खबरदारी गर्न, सुशासन, दिगो विकास तथा समृद्धिका लागि नेपाल सरकारलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेन्जी परिषद् गठन गरिने उल्लेख गरिएको छ । यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुने उल्लेख छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# जसपा नेपालले केन्द्रीय नेतालाई निर्वाचन केन्द्रित गर्दै

**काठमाडौँ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना केन्द्रीय सदस्यलाई निर्वाचन केन्द्रित सङ्गठनात्मक कार्यमा खटाएको छ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्य निर्वाचन तयारीलाई प्रभावकारी बनाउने उद्देश्यले सबै केन्द्रीय सदस्यलाई सम्बन्धित निर्वाचन क्षेत्रमा नेर्वाचन केन्द्रित कार्य गर्ने गरी खटाइएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।
उनले भने,'केन्द्रीय सदस्यहरुलाई प्रत्येक संसदीय निर्वाचन क्षेत्रमा समन्वय समिति र बुथ समिति गठन गरी सक्रिय रुपमा परिचालन गर्न तथा गठन हुन बाँकी रहेका प्रदेश, जिल्ला, पालिका, वडा, टोल र गाउँ समिति शीघ्र गठन गर्नेलगायतका सङ्गठन तथा संरचना निर्माण कार्यमा लाग्न पार्टीले निर्देशन दिएको छ।'
त्यसैगरी चुनावी प्रचारप्रसार, मतदाता सचेतना कार्यक्रम, आर्थिक व्यवस्थापन, स्वयंसेवक परिचालन तथा प्रशिक्षणलगायतका कार्य योजनाबद्ध रुपमा सञ्चालन गर्न र निर्वाचन क्षेत्रमा आधारित कार्यक्रम तथा कार्ययोजना तयार गरी समयमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउँदै प्रचारप्रसार, प्रशिक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्देशन दिइएको छ। निर्वाचन क्षेत्रमा खटिएका केन्द्रीय सदस्यहरुले प्रत्येक क्षेत्रको मतदाता तथ्याङक सङ्कलन, सङ्गठनको स्थिति, प्रतिस्पर्धी दलको अवस्था समेटेर नियमित रुपमा रिपोर्टिङ गर्न तथा पार्टीका उम्मेदवार सफल हुने सम्भावना उच्च रहेका क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा विशेष ध्यान, शक्ति परिचालन र रणनीतिमूलक गतिविधि सञ्चालनका लागि तथ्याङ्क सङ्कलन तथा विश्लेषणका लागि नतिजामुखी काम गर्न निर्देशन दिइएको बस्नेतले बताए।रासस

# एमाले महाधिवेशनः पार्टी कार्यालयमा चहलपहल बढ्यो

**काठमाडौँ।**
नेकपा (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशन आउन तीन दिन बाँकी रहँदा ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा चहलपहल बाक्लिएको छ।
बिहानैदेखि पार्टी कार्यालयमा नेता तथा प्रतिनिधिले चहलपहल बढेको हो। नेता तथा कार्यकर्ता एकापसमा महाधिवेशनको नेतृत्वबारे छलफलमासमेत जुटेका छन्। पार्टी कार्यालयमा धेरैजसो युवा नेता दिनभरि नै भरिभराउ देखिन्छन्। एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले तीन–चार दिनदेखि पार्टी कार्यालयमा भिडभाड बढेको बताए।
'बिहान ८ बजेदेखि पार्टी कार्यालयमा नेता र प्रतिनिधिको चहलपहल हुन्छ', उनले भने, 'काठमाडौँ आएका प्रतिनिधिले एकापसमा पार्टी नेतृत्वबारे छलफल र उम्मेदवारका विषयमा छलफल गर्ने गरेका छन्।' उनले पार्टी कार्यालयमा महाधिवेशनमा अन्य कामसमेत भइरहेकाले देशभरिबाट आएका प्रतिनिधिले पार्टी कार्यालयको रौनक नै थपेको बताए। उनका अनुसार महाधिवेशनमा सहभागी हुने करिब ७५ प्रतिशतभन्दा बढी काठमाडौँ आइसको छन। महाधिवेशनमा करिब दुई हजार दुई हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन्। एमाले महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुँदैछ। महाधिवेशनको उद्घाटन भक्तपुरस्थित सल्लाघारी र बन्दसत्र भृकुटीमण्डपमा हुनेछ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार महाधिवेशनको तयारीको अन्तिम चरणमा पुगेको बताए। एमालेले महाधिवेशन सम्पन्न गर्नका लागि विभिन्न १३ समिति गठन गरेको छ।रासस

# सहमति भएमा वा प्रतिनिधिले चुनेमा पुनः अध्यक्ष हुन सक्छुः अध्यक्ष ओली




**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा सहमति भएमा वा प्रतिनिधिले चुनेमा आफू पार्टीको अध्यक्षमा पुनः रहनसक्ने बताएका छन। प्रेस चौतारी नेपालद्वारा बिहिवार आयोजित सम्पादकहरूसँगको संवाद कार्यक्रममा अध्यक्ष ओलीले महाधिवेशनले यथास्थितिमा केही परिवर्तन दिने र नेतृत्वमा क्रमशः पुस्तान्तरण तथा हस्तान्तरण हुने विश्वास व्यक्त गरे। उनले कुनै पूर्वसर्त राखेर आफूले कुनै दबाबमा काम नगर्ने स्पष्ट गर्दै बाहिर प्रस्ताव दिनुभन्दा पार्टीभित्र बसेर सहमतिको पहल गर्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत नेतालाई आग्रह गरे।
पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले एमाले लामो इतिहास भएको पार्टीका रूपमा रहेको बताउँदै यो जनचाहना अनुसार चल्ने पार्टी भएकाले यसले देश बनाउने मार्गमा आफूलाई सक्रिय बनाइरहेको उल्लेख गरे।
अध्यक्ष ओलीले संसद् पुनःस्थापनालगायत राष्ट्रिय राजनीतिका विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँगको भेटमा संवाद भएको जनाउँदै एमाले संसद् पुनःस्थापनाको पक्षमा रहेको बताए। अदालतको फैसलालाई चित्त नबुझे पनि मान्दै आएको सन्दर्भ उल्लेख गर्दै अध्यक्ष ओलीले गत भदौ २३ र २४ गतेको आन्दोलनबारे छानबिन गर्न गठित जाँचबुझ आयोगमा आफूले बयान दिन जानुपर्ने कानुनी व्यवस्था नभएको जिकिर गर्नुभयो। एमालेको महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ। ओलीले भने, 'भाग्यो भाग्यो....बच्चाबच्चीहरू खुसी हुन्छन् के। उनीहरूले खेदे जस्तो गर्छ, आफैँ कुदिदिनुपर्छ। डरैछ डरैछ, भाग्यो भाग्यो भनेर खुसी हुन्छन्।'
भदौ २४ गते सिंहदरबार, संसद भवन सर्वोच्च अदालतसहित प्रधानमन्त्री निवासमा समेत जेनजी प्रर्दशनकारी प्रवेश गरेपछि ओलीलाई सेनाको हेलिकोप्टरले उद्धार गरेर ज्यान जोगाएको थियो। ओली प्रधानमन्त्री हुँदा नै भदौ २३ को जेनजी आन्दोलनमा एकै दिन १९ जना युवाको हत्या गरिएको थियो।
बालुवाटारबाट उद्धार उनलाई मकावनपुरको सुपारीटारस्थित ब्यारेकमा सेनाले रोखको थियो। सुरक्षा स्रोतका अनुसार त्यस दिन केही समय मात्रै ढिलो भएको भए अवस्था जे पनि हुन सक्थ्यो। तर अहिले ओलीले आफू नभागेको तर्क गरेका हुन्।
उनले आफू राजीनामा पछि पनि कार्यवाहक प्रधानमन्त्री रही रहेको राष्ट्रपति, प्रधानसेनापतिसँग भेटिरहेकाले भाग्यो भन्ने अर्थ लगाउन नमिल्ने तर्क गरे।
'अनि म कार्यवाहक प्रधानमन्त्री चलाइराखेको छु, भाग्यो? म प्रधानमन्त्रीको हैसियतमा काम गरिराखेको छु। मैले राष्ट्रपतिज्यूलाई सिफारिस गरिराख्या छु। राष्ट्रपति, प्रधानसेनापति लगायतका मान्छेहरू भेटिराख्या छु, ओलीले अगाडि भने, 'अगाडि एउटा परिस्थिति आयो। मैले राजीनामा गरें, तर म केयरटेकर प्राइममिनिस्टर छोड्दै छोडिनँ। भागेर केयरटेकर प्राइममिनिस्टर हुन्छ? भागेको प्रधानमन्त्री प्रधानमन्त्री नै रहन्छ? म त प्रधानमन्त्री नै थिएँ।'
उनले भदौ २४ को विध्वंसको दोष राज्य संयन्त्रलाई लगाए। पूर्ण रुपमा राज्य संयन्त्रमा भर पर्दा आफैँ बालुवाटार छाडेर हिड्नु परेको उनको भनाइ थियो।
ओलीले सम्पादकहरुसँग भने, 'हामीले एउटा कमीकमजोरी के गरेका थियौँ भने हामी राज्य संयन्त्रको सम्पूर्ण रूपमा भर परेनौँ, सेक्युरिटीको मामलामा। कमीकमजोरी त्यहाँ निर भयो।'
देशमा भदौ २४ को विध्वंस हुँदा प्रधानमन्त्री पदमै रहेका ओलीले त्यस दिन राज्य कहाँ थियो भनेर समेत प्रश्न गरे। अब बद्लिएको अवस्थामा देश र जनताको सुरक्षा एमालेले गर्ने उनको भनाइ थियो।
'हाम्रो घर जलाउँदा त राज्य कहाँ थियो थाहा भएन। भनेपछि, अब एमालेले यो बदलिएको परिस्थितिमा यहाँहरूको घरको पनि सुरक्षा गर्छ तुरुन्तै इन्फर्मेसन पाउँ, ओलीले भने।

# सुदूरपश्चिममा ४६ हजार नयाँ मतदाता थपिए

**महेन्द्रनगर।**
सुदूरपश्चिम प्रदेशमा ४६ हजार २० जना नयाँ मतदाता थपिएका छन्। सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि युवा पुस्ताका मतदाता बढी थपिएका जानकारी दिए।
'निर्वाचन सामग्री व्यवस्थापन र मतदाता नामावली अद्यावधिक कार्य हँुदैछ', प्रमुख भट्टले भने, 'मतदाता दाबी विरोध, त्रुटी सच्याउनेलगायत कार्यका लागि शुक्रबारसम्मको समयावधि दिइएको छ।'
गत असोज १० देखि मङ्सिर ५ गतेसम्म अद्यावधिक लागि खोलिएको समयमा सबैभन्दा बढी कैलालीमा १८ हजार २१३ र सबैभन्दा कम बाजुरामा एक हजार ५१७ नयाँ मतदाता थपिएका उनले जानकारी दिए। औँठाछाप र फोटोसहित राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा अनलाइन विधिबाट नाम दर्ता गराउने व्यवस्थासमेत गरिएको थियो।रासस

# रवि र छविको मुद्दा पनि स्थगित



**काठमाडौँ।**
रास्वपाका सभापति रवि लामिछाने र पूर्व गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीमाथि दायर सहकारी ठगीसम्बन्धी मुद्दा बिहिवार पनि सुनुवाइ बिना स्थगित भएको छ। अदालतले यस मुद्दालाई फेरि 'हेर्न नमिल्ने' सूचीमा राखेपछि प्रक्रिया अघि बढ्न सकेन। न्यायाधीश तेजनारायण पौडेल र सागर विष्ट रहेको इजलासमा कात्तिक १३ देखि लगातार सारिँदै आएको यो मुद्दा बुटवलस्थित सुप्रिम सहकारी संस्थाको करोडौँ रकम ठगी र संगठित अपराध आरोपसँग सम्बन्धित छ। लामिछाने र जोशी थुनामा रहेका यस प्रकरणमा यसअघि दुईपटक लामिछाने पक्षका कानुनी व्यवसायीले पेस गरेका निवेदनका कारण सुनुवाइ स्थगित भएको थियो। पछिल्लो पटक सार्वजनिक बिदा परेकाले पनि म्याद सारिएको हो।

# हिमालका मुद्दाका विषयमा नेपालले नेतृत्त्वदायी भूमिका खेल्नुपर्छः मन्त्री डा परियार

**काठमाडौँ।**
कृषि तथा पशुपछी विकास मन्त्री डा मदनप्रसाद परियारले हिमाल संरक्षणको मुद्दामा नेपालले विश्व समुदायबीच अग्रणी र नेतृत्त्वदायी भूमिका खेल्न सक्नुपर्ने बताएका छन।
अन्तरराष्ट्रिय पर्वतीय दिवसका अवसरमा वन तथा वातावरण मन्त्रालयले बिहिवार आयोजना गरेको कार्यक्रममा जलवायु परिवर्तनका असरबाट नेपाल धेरै प्रभावित मुलुकमध्ये एक भएको बताउँदै उनले यसका असरसँग जुध्न सामूहिक प्रयासको आवस्यकता औँल्याए।
मन्त्री डा परियारले पर्वतीय क्षेत्रका स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित र पछाडि परेका समुदायले पर्वत र प्रकृति संरक्षणमा खेलेको भूमिका अतुलनीय रहेको बताए। 'यी समुदायले संरक्षण गरेका प्रकृति स्रोत, साधन र त्यसबाट उत्पादन भएका वातावरणीय सेवाबाट विश्व समुदाय मुख्य गरी तल्लो तटीय क्षेत्रका समुदाय लाभान्वित भएका छन्। तर उपल्लो तटीय क्षेत्रका समुदायले प्रकृति संरक्षणमा गरेको योगदानको कदर हुन सकेको छैन', उनले भने।
मन्त्री डा परियारले विश्वव्यापी बढ्दो तापक्रमका कारण हिमनदीहरू पग्लने, हिउँ ताल बन्ने र फुट्ने तथा त्यसको नकारात्मक असर तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने दुई अर्बभन्दा बढी जनसङ्ख्यालाई परेको जानकारी दिए।
सबैले मिलेर हिमनदीको संरक्षण, जलस्रोतको दिगो उपयोग, पर्वतीय खाद्य प्रणालीको सुदृढीकरण, वैज्ञानिक अनुसन्धानको विस्तार र जलवायु वित्तमा न्यायपूर्ण पहुँचका लागि साझा रूपमा प्रतिबद्ध भएर काम गर्नुपर्नेमा मन्त्री परियारले जोड दिए।
उनले नेपाल सरकारले हिमनदी संरक्षण, जलस्रोतको दिगो व्यवस्थापन, जैविक विविधता, कृषि प्रणाली तथा समुदायको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय जलवायु नीति–२०७६, राष्ट्रिय अनुकूलन योजना–२०७९, तेस्रो राष्ट्रिय निर्धारित योगदान–२०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको जानकारी गराए।
कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव गोविन्दकुमार कार्कीले कोप–३० मा नेपालले प्रभावकारी रूपमा आफ्ना विषय राख्न सफल भएको बताए। साथै उनले आगामी दिनमा पर्वतीय संरक्षणका विषयमा थप प्राथमिकताका साथ काम गर्नुपर्नेमा जोड दिए।
वन मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले ब्राजिलको बेलेममा हालै सम्पन्न कोप–३० सम्मेलनमा नेपालका तर्फबाट भएको सहाभागिता र उपलब्धिका बारेमा अवगत गराउँदै पर्वतीय क्षेत्र संरक्षणका लागि मन्त्रालयले गरेका कामका बारेमा जानकारी दिए।
मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले कोप–३० को समिक्षा र उपलब्धिका बारेमा प्रस्तुति गर्दै कोप–३० सम्मेलनमा पर्वतीय मुद्दासम्बन्धी पैरवीमा सफलता प्राप्त भएको बताए।
मन्त्रालयका पूर्वसहससचिव डा सिन्धुप्रसाद ढुङ्गानाले नेपालको पर्वतीय उत्थानशील रणनीतिको मस्यौदाका बारेमा जानकारी गराउँदै पर्वतीय विषयमा नेपालले नेतृत्व लिनेगरी काम गर्नुपर्ने बताए। मन्त्रालयका उपसचिव दिपा ओलीले नेपालले दुई दशकदेखि पर्वतीय मुद्दा उठाउँदै अन्तरराष्ट्रिय मञ्चमा स्थापित गर्न सफल भएको बताईन।
कार्यक्रममा युनिसेफका नेपाल प्रतिनिधि एलिस अकङ्गा, यहाँस्थित स्विट्जरल्याण्ड दूतावासका प्रथम सचिव एन्टोनी, एनवाइसीएझका संयोजक आकृती डोटेललगायतले जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा परेको असर र समाधानका लागि आगामी दिनमा गर्नुपर्ने कामका बारेमा आ–आफ्ना धाराणा व्यक्त गरे थिए।रासस

# प्रधानमन्त्री कार्कीसमक्ष मातृभूमि पार्टीको ज्ञापनपत्र



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीसमक्ष जय मातृभूमि पार्टीको एक प्रतिनिधिमण्डलले भेट गरी बिहिवार ज्ञापनपत्र बुझाएका छन। उक्त पार्टीले केवल चुनावको तयारी मात्र नगरी सरकारले सुशासनको मूल कार्यादेशमा केन्द्रित हुनुपर्ने धारणा प्रधानमन्त्री समक्ष राखेको छ। प्रतिनिधिमण्डलमा पार्टीका वरिष्ठ नेता क्याप्टेन केबी लिम्बू, सहअध्यक्ष रामशरण पाण्डे, महासचिव गोविन्द गिरीलगायत थिए। पार्टीले निर्वाचनको वातावरण बनाउन जेन्जी आन्दोलनका दमनकारी र भ्रष्टाचारीमाथि शीघ्र कारबाहीको माग पनि राखेको छ।
यो सरकारको मूल मुद्दा भ्रष्टाचारविरुद्धको कारबाही रहेकाले यसैमा केन्द्रित रहेर आफ्ना काम–कारबाही अघि बढाउनुपर्ने सो पार्टीको माग छ।
प्रधानमन्त्री कार्कीले उक्त दललाई आफ्ना एजेन्डा लिएर चुनावमा जान सुझाव दिँदै भ्रष्टाचारविरुद्धको कारबाहीलाई पनि सँगसँगै अघि बढाइरहेको बताईन। उनले राजनीति गर्नेहरुले केवल भाषण मात्रै गर्ने गरेकाले अब मुलुकमा उत्पादनलाई केन्द्रमा राखेर काम गर्ने पार्टीको आवश्यकता रहेको पनि बताईन।
उनले भनिन, 'युवामा वितृष्णा बढ्यो, आन्दोलन भयो, अब यस्तो आन्दोलन हुनु नपर्ने गरी काम गरौँ। नेताहरु भाषण मात्रै गर्ने भए, त्यसैले तपाईँहरु पनि चुनावमा जानुहोस्, राम्रो काम गर्ने र देशको आर्थिक समृद्धि तथा सुशासनका निम्ति प्रतिबद्ध सांसद जिताएर संसदमा पठाउनुहोस्।'रासस

# गलेश्वर अन्न क्षेत्रलाई एक लाख सहयोग

**बेनी।**

जिल्लाको रघुगङ्गा गाउँपालिका–३ मौवाफाँटका वकिल केसीले बेनी नगरपालिका–९ गलेश्वरधामको गलेश्वर पुलस्त्यपुलह अन्न क्षेत्रलाई एक लाख रुपैयाँ प्रदान गरेका छन।

अन्न क्षेत्रले ज्येष्ठ नागरिक, तीर्थयात्री, विपन्न तथा बेसाहारालाई निःशुल्क भोजनको व्यवस्था गर्दै आएको छ । गलेश्वरधाम ज्येष्ठ नागरिक आश्रममका ज्येष्ठ नागरिक तथा जडभरत शालीग्राम संस्कृत विद्यालयका विद्यार्थीलाई सोही रकमबाट बुधबार भोजन गराइएको थियो । ज्येष्ठ नागरिक र विद्यार्थी भोजनमा २४ हजार रुपैयाँ खर्च भएको र बाँकी रकम आज अन्न क्षेत्रको बैंक खातामा जम्मा गरिने जनाइएको छ ।

अन्न क्षेत्रले गौशाला सञ्चालनका साथ आश्रममा आश्रित ४० जना ज्येष्ठ नागरिक र संस्कृत विद्यालयका पाँच जना वटुकलाई दैनिक भोजनको व्यवस्था गर्दै आएको छ ।रासस

# अमेरिकी सेनाद्वारा भेनेजुएलाको तेल ट्याङ्कर नियन्त्रणमा, दुईपक्षबिचको तनाव उत्कर्षमा



भेनेजुएलाको समुद्री तटबाट अमेरिकी सेनाले एउटा विशाल तेल ट्याङ्कर नियन्त्रणमा लिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जानकारी दिएका छन्। भेनेजुएलाले भने यो घटनालाई गम्भीर 'अन्तर्राष्ट्रिय डकैती र अपराध' भएको बताएको छ।

राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै भने,'हामीले भर्खरै भेनेजुएलाको तटबाट एउटा ट्याङ्कर नियन्त्रणमा लिएका छौँ। यो धेरै ठूलो ट्याङ्कर हो, अहिलेसम्म जफत गरिएकामध्ये यो सबैभन्दा ठूलो हो।' जफत गरिएको ट्याङ्कर र त्यसमा रहेको तेल अमेरिकाले नै राख्ने बताएका छन्।अमेरिकी महान्यायधीवक्ता पाम बोन्डीले यस कारबाहीको भिडियो सार्वजनिक गर्दै उक्त जहाज भेनेजुएला र इरानबाट प्रतिबन्धित कच्चा तेल ढुवानी गर्न प्रयोग गरिएको बताएकी छन्।

उनले उक्त ट्याङ्करले 'विदेशी आतंकवादी संगठनहरूलाई सहयोग पुर्याउने अवैध तेल ढुवानी सञ्जालमा संलग्नता' को कारणले धेरै वर्षदेखि अमेरिकाद्वारा प्रतिबन्धित रहेको पनि उल्लेख गरेकी छन्।

भेनेजुएला सरकारले भने अमेरिकी कदमको कडा निन्दा गर्दै यसलाई 'अन्तर्राष्ट्रिय डकैतीको कार्य' र 'गम्भीर अन्तर्राष्ट्रिय अपराध' भनेको छ। भेनेजुएलाका आन्तरिक मामिला मन्त्री डियोस्डाडो काबेलोले अमेरिकालाई 'हत्यारा, चोर र डाकू'को संज्ञा दिँदै यस कार्यले संसारभरि युद्धहरू सुरु गराएको बताएका छन्।

यो ट्याङ्कर जफत गर्ने कार्यमा एफबीआई, रक्षा विभाग, होमल्यान्ड सेक्युरिटी र अमेरिकी कोस्ट गार्ड लगायतका निकायहरूको समन्वय रहेको अमेरिकी अधिकारीहरूले जनाएका छन्। सैनिक अधिकारीहरूका अनुसार यस अभियानमा विश्वको सबैभन्दा ठूलो विमानवाहक जहाज युएसएस गेराल्ड फोर्डबाट हेलिकप्टरहरू प्रयोग गरिएका थिए।

यस घटनाले भेनेजुएला नजिकै रहेको क्यारिबियन सागरमा अमेरिकाले सैन्य उपस्थिति बढाएको संकेत गर्दछ। पछिल्लो समय अमेरिकाले हजारौँ सेना र युद्धपोतहरू भेनेजुएलाको नजिकै तैनाथ गरेको छ, जसले कुनै पनि सम्भावित सैन्य कारबाहीको अटकलबाजी बढाएको छ। ट्रम्प प्रशासनले भेनेजुएलामाथि अमेरिकामा लागूऔषध ओसारपसार गरेको आरोप लगाउँदै मादुरोलाई एक्ल्याउने प्रयास तीव्र पारेको छ।

यस ट्याङ्कर नियन्त्रणको खबरले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य (ब्रेन्ट क्रुड) सामान्य रूपमा बढेको छ। विश्लेषकहरूले यो कदमले ढुवानीकर्ताहरूलाई खतरामा पार्न सक्ने र भेनेजुएलाको तेल निर्यातलाई थप अवरोध पुर्याउन सक्ने चेतावनी दिएका छन्।

सामुद्रिक जोखिमसम्बन्धी कम्पनी भ्यानगार्ड टेक ले नियन्त्रणमा लिइएको जहाजको पहिचान 'स्किपर'को रूपमा गरेको छ। उनीहरूका अनुसार यो जहाजले आफ्नो वास्तविक स्थान लुकाउन लामो समयदेखि नक्कली (स्पुफिङ) स्थान प्रसारण गरिरहेको थियो।

ट्याङ्कर 'स्किपर' सन् २०२२ मा नै हिजबुल्लाह र इस्लामिक रिभोल्युसनरी गार्ड कोर्प्स–कुद्स फोर्स लाई राजस्व जुटाउने तेल तस्करीमा कथित संलग्नताको लागि अमेरिकी ट्रेजरी विभागले प्रतिबन्ध लगाएको थियो। यसले दुई दिनअघिसम्म गुयानाको झण्डा प्रयोग गरिरहेको देखिए पनि गुयानाको सामुद्रिक प्रशासन विभागले यो झण्डा झूठो भएको र जहाज आफ्नो देशमा दर्ता नभएको स्पष्ट पारेको छ।

यसैबीच, भेनेजुएला विश्वको सबैभन्दा ठूलो प्रमाणित तेल भण्डार भएको देश हो र यसले वाशिङ्टनलाई आफ्नो स्रोत चोर्न खोजेको आरोप लगाउँदै आएको छ। ट्याङ्कर नियन्त्रणमा लिइएको खबरभन्दा केही समयअघि बुधबारको एक र्यालीमा राष्ट्रपति मादुरोले अमेरिकामा युद्धको विपक्षमा रहेका नागरिकहरूका लागि सन्देश दिँदै सन् १९८८ को चर्चित गीतको सहारा लिएका थिए। उनले स्पेनी भाषामा गीत गाउँदै भने, 'युद्ध होइन, खुसी रहनुहोस्।' यद्यपि, र्यालीको समयमा मादुरोलाई ट्याङ्कर जफत भएको जानकारी थियो वा थिएन भन्ने स्पष्ट छैन।

यो घटना भेनेजुएला र अमेरिकाबीचको तनावलाई थप उत्कर्षमा पुर्याएको छ। यसले अन्तर्राष्ट्रिय राजनीति र ऊर्जा बजारमा तरंग सिर्जना गरेको छ।एजेन्सी

# हिक भिजन 'ब्राण्ड'को 'बार्षिक वितरक भेला २०२५' चितवनमा

काठमाडौँ।

विश्व प्रसिद्ध हिक भिजन 'ब्राण्ड'को 'बार्षिक वितरक भेला २०२५' चितवनको सौराहामा आयोजना हुने भएको छ।

नेपालको आधिकारी राष्ट्रिय वितरक म्याक्सिमा मल्टिनेशनल ट्रेडिङ प्रालीले यही मङ्सिर २७ गते संयोजन गर्ने भेलालाई हिक भिजन चीनका नेपाल देशीय व्यवस्थापक लियोन झिले विशेष सम्बोधन गर्ने छन।

सम्मेलनमा देशभरका हिक भिजन 'ब्राण्ड'को नेपालको आधिकारी वितरकहरु सहभागी हुने कम्पनीका प्रबन्ध निर्देशक प्रमोदकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार वितरक भेलामा सूचना प्रबिधिका उद्यमी, वितरक साझेदारले नवीनतम् विषय र हिक भिजनका उत्पादनसँग सम्बन्धीत 'फ्रेन्ड्लि सफ्टवेयर'का बारेमा जानकारी लिन सक्ने छन्।




भेलामा आगामी सन् २०२६ को योजना, सन् २०२५ को समीक्षा र सन् २०२४ को डिलर पार्टनको तर्फबाट उत्कृष्ट दश डिलरलाई सम्मान तथा अन्य डिलरलाई सम्मान गरिने उनले बताए।

म्याक्सिमा मल्टिनेशनल ट्रेडिङ प्रालीका सञ्चालक समितिका अध्यक्ष एवम् कार्यकारी निर्देशक मणिकुमार तामाङले हिक भिजन 'ब्राण्ड' उपकरण विश्वासिला, गुणस्तरीय र भरपर्दो रहेका बताए । उनले भने, 'हिक भिजन 'ब्राण्ड' उत्पादनको बार्षिक वितरक भेलाले आगामी दिनमा यसको प्रवद्र्धन गर्न सहयोग मिल्नेछ।'

हाल हिक भिजन चीनबाट उत्पादित सिसिटिभी सर्भिलेन्स सम्बन्धी सम्बन्धी सिरिज घरयासी प्रयोजनदेखि पसल अफिस , विद्यालय , सभाहल टोल सार्वजनिक स्थल लगायत आदिमा प्रयोग गर्न मिल्ने क्षमताको सिसिटिभी , हाजिरी उपस्थिति उपकरण , स्मार्ट इन्टरआक्टिभ बोर्ड , लक सिस्टक , गेट ब्यारिअर , अलार्म सिष्टम , फायर स्मोक लगायतका डिटेक्टर सिष्टम, अण्डर भेहिकल सर्भिलियन्स सिष्टम एक्सर मेसिन लगायत उपकरण छन्।

कार्यकारी निर्देशक तामाङले भने 'हिक भिजन चीनबाट उत्पादित उपकरण ,सरसमान नेपालको विभिन्न स्थानबाट अधिकारी बिक्रेता मार्फत 'स्टलेशन' को सुबिधा सहित प्राप्त गर्न सकिने छ।'रासस

# नेपाल र भियतनामबीच आर्थिक सहकार्य बढाउन द्विपक्षीय छलफल




भियतनाम ।

थाइल्याण्ड र भियतनामका लागि नेपाली राजदूत धनबहादुर ओलीले भियतनामी लगानीकर्तालाई नेपालमा लगानीको सम्भावना रहेको उल्लेख गर्दै नेपालमा लगानी बढाउनका लागि आग्रह गरेका छन ।

बिहिवार भियतनामको राजधानी हनोइमा नेपाल उद्योग वाणिज्य महासंघ र भियतनामी चेम्बर अफ कमर्श इन्डष्ट्रीसँगको छलफलका क्रममा उनले नेपाल र भियतनामबीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्ष पुगेको उल्लेख गर्दै दुवै देशले व्यापार र लगानी क्षेत्रमा सहकार्य गर्नुपर्नेमा जोड दिए ।

'पछिल्लो समय विश्वको अर्थतन्त्रमा नयाँ चुनौती देखिएको छ, यस्तो अवस्थामा दुवै देशले एकापसमा आर्थिक सहकार्य बढाउँदै लाभ लिनेतर्फ ध्यान दिनु जरुरी छ', उनले भने, 'नेपालमा निर्यातजन्य उद्योगमा लगानीका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु ।' उनले दुवै देशबीच पर्यटनको क्षेत्रमा सम्भावना रहेको समेत उल्लेख गरे

नेपाल र भियतनाम सरकारबीचको आर्थिक सहकार्यमार्फत क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा व्यापार गर्न सकिने पनि उनको भनाइ थियो । उनले नेपालमा उत्पादनमुलक उद्योग, आइसिटी, फार्मास्युटिकल्स तथा जडीबुटीलगायतका क्षेत्रमा लगानीको सम्भावना रहेको बताए । नेपाल सरकार भियतनामी लगानीकर्ताका लागि स्वागत गर्न तयार रहेको उल्लेख गर्दै उनले दुवै देशबीचको व्यापार तथा लगानीका लागि नेपाल सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भियतनामका लगानीकर्तासमक्ष नेपाल र भियतनामबीच थप आर्थिक सहकार्यलाई अगाडि बढाउनका लागि आग्रह गरे । दुई देशबीच कूटनीतिक सम्बन्ध ५० वर्ष पुगेको उल्लेख गर्दै उनले अब दुई देशबीचको आर्थिक सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिए । 'दुई देशबीच आर्थिक सहकार्यका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु, नेपालमा लगानीको ठूलो सम्भावना छ, यस अवसरलाई सदुपयोग गर्नका लागि हाम्रो प्रयास रहनेछ', उनले भने ।

नेपालमा हस्तकला, चिया, कफी, जडीबुटी जस्ता उत्पादनको भियतनाममा राम्रो बजार सम्भावना रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले त्यसतर्फ पनि लगानी बढाउन सकिने उल्लेख गरे । उनले दुई देशको अर्थतन्त्र एकापसमा पूरक बन्न सक्ने सम्भावना रहेको पनि बताए ।

नेपालमा भियतनामको कृषि उत्पादन, सी फूड, इलेक्ट्रोनिक्सलगायतका उत्पादनको ठूलो बजार रहेको उहाँको भनाइ थियो ।

'नेपालमा प्रत्यक्ष विदेशी लगानीको वातावरण बन्दै गएको छ, कानून पनि लगानीमैत्री छन्, लाइसेन्स, भन्सार र कर प्रशासनलगायतका क्षेत्रमा सुधार भएको छ, सरकार पनि विदेशी लगानीको सुरक्षामा पनि सरकार सचेत छ', उनले भने ।

नेपालमा पर्यटन क्षेत्रमा विशेष गरी केबलकार, रिसोर्ट, साहसिक पर्यटन, वेलनेस सेन्टरमा क्षेत्रीय लगानी बढिरहेको उल्लेख गर्दै उनले भियतनामी लगानीकर्तालाई आफूहरु स्वागत गर्न चाहेको बताए । अध्यक्ष ढकालले भियतनामी टोलीलाई महासंघको आगामी वार्षिक साधारणसभामा सहभागी हुन र नेपालको व्यवसायिक वातावरण प्रत्यक्ष अवलोकन गर्नका लागि पनि निम्तो दिए ।

भियतनामी चेम्बर अफ कमर्श इन्डष्ट्रीका उपकार्र्यकारी अध्यक्ष न्गुयेन क्याङ भिनले आफूहरु पनि नेपालसँग थप आर्थिक साझेदारीका लागि इच्छुक रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघलाई भियतनाममा स्वागत गर्न पाउँदा खुसी लागेको उल्लेख गर्दै उनले दुई देशबीच लगानी र व्यापारका क्षेत्रमा ठूलो सम्भावना रहेको उल्लेख गर्दै आर्थिक साझेदारीलाई थप मजबुद बनाउनुपर्नेमा जोड दिए ।

'दुई देशबीच व्यापार र लगानीका क्षेत्रमा ठूलो सहकार्य छैन, यद्यपि यस क्षेत्रमा सहकार्यका लागि ठूलो सम्भावना छ, आगामी दिनमा पनि हाम्रो सहकार्य जारी रहनेछ', उनले भने ।रासस

# किसानलाई दूधमा दश रुपैयाँ अनुदान



**तनहुँ।**

भिमाद नगरपालिकाले दूध उत्पादक किसानलाई प्रोत्साहनस्वरुप रु १० अनुदान दिने निर्णय गरेको छ । दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार किसानलाई प्रतिलिटर रु १० अनुदान दिने निर्णय भएको नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिए । नगरपालिका र भिमाद कृषि उद्यम सहकारी संस्थाबीच त्यससम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार दूध उत्पादन गर्ने किसानलाई भिमाद कृषि उद्यम सहकारीले उक्त रकम प्रदान गर्नेछ । नगरपालिकाले दूधको मूल्य पनि निर्धारण गरेको छ । भदौ १ गतेदेखि माघ मसान्तभित्र खरिद मूल्य प्रतिलिटर ११० रुपैयाँ, थोक बिक्री मूल्य प्रतिलिटर १२० रुपैयाँ र खुद्रा बिक्री मूल्य प्रतिलिटर १३० रुपैयाँ तोकिएको छ । यसैगरी, फागुन १ गतेदेखि साउन मसान्तसम्म खरिद मूल्य ११५ रुपैयाँ, थोक बिक्री मूल्य १३० रुपैयाँ र खुद्रा बिक्री मूल्य १४० रुपैयाँ निर्धारण भएको छ ।रासस

# गुल्मीमा यसवर्ष धान उत्पादनमा आठ प्रतिशतले कमी



**गुल्मी।**

यसवर्ष यहाँ धान उत्पादनमा कमी आएको छ । गत वर्षको तुलनामा जिल्लामा आठ प्रतिशतले उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानका अनुसार यसवर्ष जिल्लामा २२ हजार ३२३ मेट्रिकटन मात्र धान उत्पादन भएको छ।

् गतवर्ष जिल्लामा २४ हजार चार सय २६ मेट्रिकटन धान उत्पादन भएको थियो । यस पटक जिल्लामा धानको उत्पादनसँगै धान रोपणको क्षेत्रफलसमेत घटेको सूचना अधिकारी न्यौपानेले बताए । गत वर्ष जिल्लामा सात हजार दुई सय ८८ हेक्टरमा क्षेत्रफलमा धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन घटेर छ हजार दुई सय ७० हेक्टरमा मात्र धान उत्पादन भएको छ।

जिल्लामा पछिल्ला वर्षमा क्रमशः धानको उत्पादन र क्षेत्रफल घट्दै जान थालेको ज्ञान केन्द्रले जनाएको छ । यसरी उत्पादन र क्षेत्रफल घट्नुमा बेमौसमी वर्षा हुनु, लामो समय खडेरी पर्नु, गाउँबाट बसाइँसराइ बढ्दै जानु, उन्नत बीउ र रासायनिक मलको अभाव हुनु जस्ता कारण रहेको कार्यालयले जनाएको छ।

गत वर्षभन्दा यसवर्ष बर्खे धान उत्पादनमा पनि आठ प्रतिशतले कमी आएको छ । जिल्लामा कूल छ हजार पाँच सय ८५ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । त्यसअन्तर्गत चैते धान उत्पादनको क्षेत्रफल तीन सय १५ हेक्टर र बर्खे धान उत्पादनको क्षेत्रफल छ हजार दुई सय ७० हेक्टर रहेको छ।

यस वर्ष चैते धान एक हजार दुई सय ८६ मेट्रिकटन र बर्खे धान २२ हजार तीन सय २३ मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए । जिल्लामा सबैभन्दा बढी धान उत्पादन हुने फाँटहरुमा इस्माको चौरासी, सत्यवतीको जोहाङ्, उर्लीखोला र अस्लेवा कालीगण्डकीको अर्बेनी, कनौटा, छापचौर, चन्द्रकोटको मजुवा, रुपाकोटलगायत रहेका छन्।

त्यसैगरी मुसिकोट नगरपालिकाको तल्लाफाँट, इन्द्रेगौडा, बडीगाडको सुदी, मालिका गाउँपालिकाको सिमलटारी, फूलबारी र मदानेको सिर्सेनी छन । धुर्कोटको छल्दी तथा पनाहा, गुल्मी दरबारको गरमटारी, छत्रकोटको खज्र्याङ्, मनबाग लगायतका फाँटमा पनि राम्रो धान उत्पादन हुने गर्दछ।

जिल्लामा आयातित चामलको गुणस्तर तथा मूल्यमा स्वदेशी र स्थानीय धानले प्रतिस्पर्धा गर्न नसक्दा पछिल्लो समयमा धानको आयात बढ्दै गएको छ । गतवर्ष गुल्मीमा पाँच करोड रुपैयाँ मूल्य बराबरको चामल आयात भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा विशेषगरी हँसराज, झोत्री, काठे, भिनुवा, सानोभट्टे, ठूलोभट्टे, कोडे, मडियारे, रातो मार्सी र मार्सिलगायत धानका जात किसानको रोजाइमा पर्ने गरेको छ।

उन्नत र हाइब्रिड जातका धानभन्दा स्थानीय जातको धान किसानको रोजाइमा पर्ने गरेको हो । स्थानीय धानको भात खाँदा भोक कम लाग्ने, खानका लागि नरम र स्वादिलो हुने हुँदा यहाँका किसानले रैथाने धानको उत्पादनमासमेत निरन्तरता दिँदै आएका छन् । कृषि ज्ञान केन्द्रले पनि जिल्लामा यस्ता प्रकारका रैथाने जातका धानका बीउको संरक्षण गर्नुपर्नेमा किसानलाई जोड दिँदै आएको छ ।रासस

# ‘प्रतिनिधिसभासहित हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण बनाइने’

**काठमाडौँ ।**
सरकार र जेन्जीबीच आगामी प्रतिनिधिसभासहित हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउने सहमति भएको छ । त्यसका लागि प्राथमिकताका साथ आवश्यक कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिने सहमति भएको छ ।

प्रधानमन्त्री सुशीला कार्की र जेन्जी सहिद परिवारका तर्फबाट बुधवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सहमतिमा योग्य नेपाली नागरिक मतदाताका रूपमा नाम दर्ता गर्ने अभियानलाई सहज र प्रभावकारी बनाइनेसमेत उल्लेख छ ।

बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गरिने पनि सहमतिपत्रमा उल्लेख छ । संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रूपमा श्रम गर्ने प्रवासी नेपाली नागरिक, पेसा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानुनी तथा संस्थागत पूर्वाधार विकासको प्रक्रिया अगाडि बढाइने पनि सहमति भएको छ ।

यस्तै, निर्वाचनमा मनोनयन दर्ता गर्दाकै बखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरणसमेत बुझाउनुपर्नेलगायत

राजनीतिक दल र उम्मेदवारको खर्च पारदर्शी बनाउन कानुनमा संशोधन गरिने छ । सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रूपमा मागी सोउपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषीउपर कारबाही गर्न आवश्यक कानुनी प्रबन्ध गरिने पनि सहमति भएको छ ।

निर्वाचन प्रणाली सुधारका लागि प्रचलित कानुनमा तत्काल संशोधन गरिने, मतपत्रमा ‘माथिका कसैलाई मतदान गर्दिनँ’ विकल्प राखिने सम्झौतामा उल्लेख छ । राजनीतिक दलभित्र अनिवार्य रूपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्तिमात्र निर्वाचनका लागि उम्मेदवार हुन पाउने कानुनी व्यवस्था गरिने पनि सम्झौता भएको छ ।

निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल÷उम्मेदवारको क्रमाङ्क गोला प्रथाबाट निर्धारण गरिनेछ ।

राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्र हुनसक्ने प्रबन्ध गरिने भएको छ । निर्वाचन प्रयोजनका लागि मात्र हुने अस्वस्थ गठबन्धन नियन्त्रणका लागि कानुनी प्रबन्ध गरिने जनाइएको छ ।

आगामी निर्वाचनमा ‘पहिलो हुने निर्वाचित हुने’ निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्न कानुनी प्रबन्ध गरिने सम्झौतामा जनाइएको छ ।रासस

# ‘कर्णालीको विकासका लागि पाँच बुँदे प्रतिबद्धता’

**कर्णाली ।**
कर्णाली प्रदेश सरकारसहित सरोकार भएकाहरूले प्रदेशको विकासका लागि पाँच बुँदे प्रतिबद्धता गरेका छन् ।

कर्णाली प्रदेश योजना आयोगद्वारा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित ‘कर्णाली विकासमा सरोकारवालाहरूको भूमिका’ विषयक कार्यक्रममा पाँच बुँदे प्रतिबद्धता जनाइएको हो ।

प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले आयोगले बनाएको दोस्रो पञ्चवर्षीय योजनाले तोकेको लक्ष्यभन्दा माथि पुग्ने तयारीका साथ सरकार अगाडि बढेको र यसमा सबैको सहयोग आवश्यक रहेको बताए ।

उनका अनुसार विकास आयोजनामा हुने दोहोरोपन हटाउन विकास साझेदारबाट सम्पादन गरिने कार्यक्रमको विवरण सम्बन्धित मन्त्रालयमा प्रदेश सरकारको बजेट तर्जुमा गर्नुपूर्व नै जानकारी गराउने, विकास आयोजनामा सुशासन, इमान्दारिता, जवाफदेही र वातावरणमैत्री अभ्यासलाई उच्च प्राथमिकता दिने, प्राकृतिक स्रोत साधनको दिगो उपयोग, सामाजिक उत्तरदायित्व तथा समुदायको हितमा केन्द्रित गर्दै सहकार्यमूलक ढङ्गले कार्य गर्ने प्रतिबद्धता गरिएको छ ।

यसका लागि कर्णाली प्रदेश सरकार र विकास साझेदारबीच समन्वयका लागि प्रादेशिक ढाँचा निर्माण गर्ने, बहुआयमिक आर्थिक विकासका लागि प्राविधिक प्राविधिक सीप, तालिम, उद्यमशीलता प्रवद्र्धन तथा स्थानीय युवालाई रोजगारीमा प्राथमिकता दिने र कर्णालीका युवालाई प्रदेशभित्र टिकाउन, रोजगारी र व्यवसायका अवसर विस्तार गर्न संयुक्त प्रयास गर्ने प्रतिबद्धता गरिएको उपाध्यक्ष योगीले बताए ।

यसैगरी, कर्णाली प्रदेशको प्रचुर सम्भावना रहेको पर्यटन क्षेत्रको विकासका लागि लगानी विस्तार गर्दै सम्भाव्य पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि सञ्चारमाध्यम, सामाजिक सञ्जाल र विविध माध्यमबाट सूचना सम्प्रेषण गर्ने, सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, निष्पक्ष, पारदर्शी र जवाफदेही बनाउनका लागि सबै क्षेत्रबाट रचनात्मक भूमिका निर्वाह गर्ने र यसमा मिडियाको भूमिका महत्त्वपूर्ण हुने पनि प्रतिबद्धता जनाइएको छ ।रासस

# पोखरामा जलन (बर्न) अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन सुरु

**कास्की ।**
देशको पर्यटकीय सहर पोखरामा जलन (बर्न) अस्पताल निर्माणका लागि आवश्यक परामर्श तथा सम्भाव्यता अध्ययन सुरु भएको छ । पोखरा–२७ स्थित साविक लेखनाथ नगरपालिका कार्यालय रहेको जमिनमा महानगरले एक सय बेड क्षमताको जलन र विशेषज्ञ अस्पताल निर्माणको योजना अघि सारेको हो । यस योजनामा कोरियन सहयोग नियोग (कोइका)ले सहयोग गर्ने र त्यसका लागि सम्भाव्यता अध्ययन गर्न कोइकाको टोली पोखरा आएको महानगर प्रमुख धनराज आचार्यले जानकारी दिए । उनका अनुसार कोइकाका देशीय निर्देशक मुहोन कोङसहित विभिन्न विषयका १७ जना कोरियाली विज्ञहरूको टोलीले पोखरामा रहेर अस्पताल निर्माण सम्बन्धमा आवश्यक परामर्श गरिरहेको छ ।महानगर प्रमुख आचार्यले भने, ‘पोखरामा विशिष्टीकृत बर्न हस्पिटल बन्ने पक्का भएको छ । यो अस्पताल बनेपछि पोखरा र यस वरपरका बासिन्दालाई अत्याधुनिक विशेषज्ञसहितको स्वास्थ्योपचार सुविधा प्राप्त हुनेछ । कोइकाको उच्चस्तरीय टोलीले यसका लागि विस्तृत अध्ययन सुरु गरिसकेको छ ।’

विसं २०८१ फागुन ३ गते पोखरा भ्रमण वर्ष २०२५ उद्घाटन गर्ने क्रममा बेलुन विस्फोट हुँदा तत्कालीन उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र महानगर प्रमुख आचार्य जलेर घाइते हुनुभएको थियो । पोखरामा जलनको अस्पताल नभएपछि उहाँहरूलाई काठमाडौँमा उपचार गरिएको थियो ।

सोही घटनापछि महानगर प्रमुख आचार्यले पोखरामा सुविधासम्पन्न बर्न अस्पतालको खाँचो महसुस गरी अस्पताल बनाउने घोषणा गर्नुभएको थियो । महानगरको चालु वर्षको नीति तथा कार्यक्रममा समेत अस्पताल बनाउने विषय समेटिएको छ ।

महानगरका अनुसार साविक लेखनाथ नगरपालिका कार्यालय रहेको क्षेत्रमध्ये तीन रोपनीमा वडा नं २७ को कार्यालय निर्माण भइसकेको छ । त्यसैगरी, पाँच रोपनीमा एसियाली विकास बैङ्कको सहयोगमा विपद् व्यवस्थापन केन्द्र निर्माण प्रक्रिया अघि बढेको छ । नगरपालिकाको बाँकी रहेको २८ रोपनी जमिनमा जलन अस्पतालसँगै प्रसूति तथा स्त्रीरोग, बालबालिका, ट्रमा, मिर्गौला तथा अन्य आवश्यक विशिष्ट सेवा समावेश गरी ‘स्पेशलाइज्ड हस्पिटल’का रूपमा विकास गर्ने योजना रहेको छ ।रासस

# आस्था बचत तथा ऋण सहकारी संस्था लि.

जनकपुरधाम, धनुषा, (मधेश प्रदेश)

## ऋण तिर्न/बुझाउन आउने ३५ दिने अत्यन्त जरुरी सूचना

यस आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न ऋण शिर्षक अन्तर्गत लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई ऋण सम्बन्धीशर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ताभुक्तान गर्नको लागी अनुरोध गरिन्छ । उक्त अवधिभित्र तपाईले यस संस्थाबाट लिएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ताभुक्तान नगरेमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण नीतिबमोजिम संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सुरक्षणमा रहेको सम्पूर्ण बचत तथा शेयर रकमबाट असुलउपर गरिलिने र सहकारी ऐनको दफा ८० बमोजिम कालो सुचिमा समाबेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडी बढाउने र संस्थाको सम्पूर्ण लेना रकमअसूल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ ।

| | | | |
|---|---|---|---|
| ऋण सं. | ००११०००००५ | ऋण सं. | ००११२००००१४ |
| ऋणी को नाम | मंजु देवी | ऋणी को नाम | राम कुमारी देवी |
| पति | ललन कुमार राउत | पति | गंगा खत्बे |
| ससुरा | देवजी राउत | ससुरा | किसुनिया मण्डल खत्वे |
| ठेगाना | जि. धनुषा ,घोडघास गा.पा -४ | ठेगाना | जि. धनुषा,हंसपुर -२ कठपुला |
| हाल ठेगाना | जि. धनुषा , नगराई -०९घोडघास | हाल ठेगाना | जि. धनुषा, हंसपुर -२ कठपुला |
| ऋण लिएको मिति | २०७६/०७/०८ | ऋण लिएको मिति | २०७६/०७/०८ |
| भाखा नाघेको मिति | २०८१/०७/०७ | भाखा नाघेको मिति | २०८१/०७/०७ |
| ऋण सं. | ००११२००००३३ | ऋण सं. | ००११२००००६६ |
| ऋणी को नाम | बिलटौवा मण्डल धानुक | ऋणी को नाम | राम कुमारी साह तेली |
| बाबु | अनरुध मण्डल धानुक | पति | सोने साह तेली |
| बाजे | जगरुप मण्डल धानुक | ससुरा | चन्द्र साह तेली |
| ठेगाना | जि धनुषा बिसरभोरा-६ | ठेगाना | जि धनुषा भुचक्रपुर-०१ |
| हाल ठेगाना | जि धनुषा सहिद न.पा-०८ बिसरभोरा | हाल ठेगाना | जि धनुषा बटेश्वर -२ भुचक्रपुर |
| ऋण लिएको मिति | २०७६/०८/०२ | ऋण लिएको मिति | २०७६/०९/१४ |
| भाखा नाघेको मिति | २०८१/०८/०१ | भाखा नाघेको मिति | २०८१/०९/१३ |
| ऋण सं. | ००११५००००४१ | ऋण सं. | ००११५००००५९ |
| ऋणी को नाम | श्री किशुन साह तेली | ऋणी को नाम | इशान शेष |
| पति | देवचन साह तेली | बाबु | शेष इन्ताप |
| ससुरा | महाबिर साह तेली | बाजे | मो इलाही शेष |
| ठेगाना | जि धनुषा जनकपुरधाम -१५ रामपुर | ठेगाना | जि-धनुषा, बसहिया गा पा- १ |
| हाल ठेगाना | जि धनुषा जनकपुरधाम -१५ रामपुर | हाल ठेगाना | जि-धनुषा, जनकपुरधाम -२४ बसहिया |
| ऋण लिएको मिति | २०७५/०५/११ | ऋण लिएको मिति | २०७५/०७/१३ |
| भाखा नाघेको मिति | २०८०/०५/१० | भाखा नाघेको मिति | २०८०/०७/१२ |
| ऋण सं. | ००११२०००१७२ | ऋण सं. | ००११५००००७५ |
| ऋणी को नाम | मो.जोगी साह तेली | ऋणी को नाम | सिता शरण यादव |
| बाबु | गनगाई साह | पति | महाबिर यादव |
| बाजे | हजारी साह तेली | ससुरा | रामधारी यादव |
| ठेगाना | जि धनुषा नगराईन न पा -२ फूलगामा | ठेगाना | जि धनुषा मुखियापट्टी मुसर्निया गा.पा -४ |
| हाल ठेगाना | जि धनुषा बटेश्वर -४ | हाल ठेगाना | जि धनुषा जनकपुरधाम - ७ |
| ऋण लिएको मिति | २०७७/१०/२६ | ऋण लिएको मिति | २०७५/०९/१९ |
| भाखा नाघेको मिति | २०८०/०८/२४ | भाखा नाघेको मिति | २०८०/०९/१८ |
| ऋण सं. | ००११५०००११५ | ऋण सं. | ००११५००००८८ |
| ऋणी को नाम | दरोगा प्रसाद सिंह | ऋणी को नाम | राज कुमारी देवी |
| बाबु | काशी सिंह राजपुत | बाबु | इनरदेव दास तत्मा |
| बाजे | हरिहर सिंह | बाजे | रामपृत दास तत्मा |
| ठेगाना | जि-धनुषा, हंसपुर कठपुल्ला गा.पा–९ | ठेगाना | जि धनुषा बेंगाशिवपुरगा.पा - १ |
| हाल ठेगाना | जि-धनुषा, हंसपुर न.पा -३ कठपुल्ला | हाल ठेगाना | जि धनुषा जनकपुरधाम -१९ बेंगाशिवपुर |
| ऋण लिएको मिति | २०७५/१२/१२ | ऋण लिएको मिति | २०७५/१०/२४ |
| भाखा नाघेको मिति | २०८०/१२/११ | भाखा नाघेको मिति | २०८०/१०/२३ |
| ऋण सं. | ००११५०००१३७ | ऋण सं. | ००१०५००००६३ |
| ऋणी को नाम | बिनिता देवी महतो कोइरी | ऋणी को नाम | फेकन नदाफ |
| पति | प्रमोद महतो | बाबु | रामजानी नदाफ |
| ससुरा | हरि नारायण महतो कोइरी | बाजे | मियोजन नदाफ |
| ठेगाना | जि धनुषा सखुवा महेन्द्रनगर -२ | ठेगाना | जि धनुषा इटहर्वा- १ |
| हाल ठेगाना | जि धनुषा क्षिरेश्वरनाथ न.पा -६ सखुवा महेन्द्रनगर | हाल ठेगाना | जि धनुषा जनकपुरधाम –१२कुवा |
| ऋण लिएको मिति | २०७६/०२/२० | ऋण लिएको मिति | २०७०/०६/११ |
| भाखा नाघेको मिति | २०७७/०१/०३ | भाखा नाघेको मिति | २०७२/०६/१० |
| ऋण सं. | ००१०८००००३४ | ऋण सं. | ००१०५००००२२ |
| ऋणी को नाम | बिरेन्द्र कुमार साह | ऋणी को नाम | इंकि कुमारी |
| बाबु | भोला साह | पति | शिव कुमार चौधरी |
| बाजे | मौजे साह | ससुरा | दिनेश चौधरी |
| ठेगाना | जि धनुषा धनुषाधाम -८ उमाप्रेमपुर | ठेगाना | जि धनुषा,जनकपुरधाम -११मिल्सऐरिया |
| हाल ठेगाना | जि धनुषा धनुषाधाम -८ उमाप्रेमपुर | हाल ठेगाना | जि धनुषा, जनकपुरधाम -११ मिल्सऐरिया |
| ऋण लिएको मिति | २०७८/०७/१७ | ऋण लिएको मिति | २०७५/०८/०९ |
| भाखा नाघेको मिति | २०७९/१०/०१ | भाखा नाघेको मिति | २०८०/०८/०८ |
| ऋण सं. | ००११००००२१७ | ऋण सं. | ००१०८००००६५ |
| ऋणी को नाम | शिव कुमार चौधरी | ऋणी को नाम | प्रमिला कुमारी देवी |
| पति | दिनेश चौधरी | बाबु | सुर्य नारायण महासेठ |
| ससुरा | पण्डित बलभद्र चौधरी | बाजे | परमेश्वर महासेठ |
| ठेगाना | जि धनुषा जनकपुरधाम -११मिल्सऐरिया | ठेगाना | जि. सिरहा न. पा.-१सिरहा |
| हाल ठेगाना | जि धनुषा जनकपुरधाम -११मिल्सऐरिया | हाल ठेगाना | जि. धनुषा, जनकपुरधाम -१जनकपुर |
| ऋण लिएको मिति | २०८०/०३/११ | ऋण लिएको मिति | २०७९/११/१७ |
| भाखा नाघेको मिति | २०८०/०९/३० | भाखा नाघेको मिति | २०८०/१२/३० |
| ऋण सं. | ००११००००१२३ | ऋण सं. | ००११२०००२१६ |
| ऋणी को नाम | मेनका कुमारी | ऋणी को नाम | उषा देवी साह |
| बाबु | लक्ष्मन मण्डल धानुक | बाबु | शम्भु साह |
| बाजे | राम सुन्दर मण्डल | बाजे | सिताराम साह |
| ठेगाना | जि - धनुषा, नगराईन -लगामागढागुठी | ठेगाना | जि धनुषा कमला न.पा.-५ सोनीगामा |
| हाल ठेगाना | जि - धनुषा, जनकपुरधाम -०४ | हाल ठेगाना | जि धनुषा जनकपुरधाम -११ |
| ऋण लिएको मिति | २०७७/१२/१९ | ऋण लिएको मिति | २०७८/०३/२३ |
| भाखा नाघेको मिति | २०७८/०२/०३ | भाखा नाघेको मिति | २०७८/१२/२४ |
| ऋण सं. | ००११००००४७ | ऋण सं. | ००१०५००००७७ |
| ऋणी को नाम | राजेश कुमार साह | ऋणी को नाम | बिन्दा देवी |
| बाबु | बैजनाथ साह | पति | राजा राम राउत |
| बाजे | बिलाश साह | ससुरा | कारी राउत |
| ठेगाना | जि धनुषा जनकपुरधाम ६ | ठेगाना | जि धनुषा नगराईनन.पा. -४ घोडघास |
| हाल ठेगाना | जि धनुषा जनकपुरधाम ६ | हाल ठेगाना | जि धनुषा नगराइन न. पा.-४घोडघास |
| ऋण लिएको मिति | २०७७/०७/२५ | ऋण लिएको मिति | २०७६/०५/१८ |
| भाखा नाघेको मिति | २०७८/०९/०५ | भाखा नाघेको मिति | २०८०/१०/२० |

# धान भित्र्याउने समयमा खेतमै गल्दा किसान मर्कामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालकै अन्न भण्डारको रुपमा रहेको मधेश गत कातिक महिनाको बेमौसमी वर्षाका कारण नराम्ररी प्रभावित भयो । मधेशको महोत्तरी जिल्ला बेमौसमी वर्षाका कारण सबैभन्दा बढी प्रभावित हुने जिल्लामा थियो । बेमौसमी बर्षाकै कारण बिघौमा लगाइएको धानबाली खेतमै गल्दा यहाका किसान मर्कामा परेका छन् ।

महोत्तरीका किसानहरु अहिले धमाधम धान भित्र्याई रहेका छन् । तर खेतमा धान पाकि सकेको समयमा बेमौसमी वर्षा हुँदा महिनौँ मेहेनत गरेर फलाएको धानमा क्षति पुर्याउँदा किसानहरु चिन्तित छन् । एका तर्फ खेतमा फलेको धान किसानहरु भित्र्याउ लागि परेका छन् भने अर्को तर्फ कतिपय किसानको खेतमा कातिक महिनाको बेमौसमी वर्षाको पानी जमेकै कारण महिनौको मेहेनत खेर गएकोमा चिन्तित छन् ।

नेपालको ७ वटै प्रदेशमध्ये मधेशले प्रदेशले कृषि क्षेत्रमा सबैभन्दा बढी योगदान पुर्याउँदै आइरहेको छ । असारमा रोपाइँका बेला खडेरी खेपेका किसान अहिले धान भित्र्याउने समयमा भएको झरीका कारण वर्षभरीको मेहनत खेर जाने चिन्ता किसानहरुलाई छ । शुरुमा खडेरी, त्यसपछि डुबान र बेमौसमी वर्षाका कारण अहिले किसानमाथि ठूलो संकट ल्याइदिएको छ । वर्षभर आफ्नो परिवारको पालन पोषण कसरी गर्ने चिन्ता किसानहरुलाई सताइरहेको छ ।

यस वर्ष बेमौसमी वर्षाका कारण धानमा क्षति त पुगेकै छ यसका साथै दलहन, तेलहन, आलु लगायतका बालीमा समेत असर परेको छ । त्यस्तै बेमौसमी वर्षाले मत्स्य उत्पादनमा समेत ह्रास ल्याउने सम्भावना रहेको छ । खडेरीका कारण महोत्तरीमा ४० हजार ३ सय २१ हेक्टर धान खेती योग्य जगामध्ये जेनतेन ३० हजार हेक्टर किसानले रोपाइँ गरेका थिए ।

पछि बेमौसमी वर्षा र बाढीले डुवानका कारण २४ हेक्टरमा मात्रै ७४ हजार ८ सय ८० मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रवक्ता अविरलकुमार महतोले बताए । धानबाहेक तरकारी तथा अन्य नगदे बालीमा पनि बेमौसमी वर्षाले असर पारेको छ । यस वर्ष महोत्तरीमा मात्रै ९६ करोड रुपैयाँ बढीको क्षति पुर्याएको छ ।

धान खेतीमा मात्रै २० देखि २५ प्रतिशतसम्म उत्पादनमा ह्रास आएका कारण किसान चिन्ता परेका छ्न । किसानलाइ राहतका साथै अन्य नगदे बाली उत्पादनमा प्रोत्साहन गरि रहेको मनराशिसवाका नगर प्रमुख मोहन पाण्डेले बताए ।

किसानलाई भएको घाटाको भर्पाइ नगदे बालीबाट हुन सक्ने अभिप्रायले उनीहरुलाई नगदे बालीका लागि प्रोत्साहित गरिरहेको नगरप्रमुख पाण्डेले बताए ।

गत वर्ष महोत्तरीमा १ लाख २४ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । तर यस वर्ष त्यसमा ह्रास आउने सम्भावना प्रबल रहेको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । मधेशलाइ बिपद संकटग्रस्त क्षेत्र तोकेको सरकारले राहत प्याकेज ल्याउने विश्वास किसानहरुको छ । तर अझैसम्म किसानहरुले राहत भने पाउन सकेका छैनन् ।

# अटो रिक्सालाई पार्किङ व्यवस्था गरिदिन मेयरसँग आग्रह

**मधेशदृष्टि**
**हेटौँडा।**
नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले हेटौँडाका अटो रिक्साहरुको व्यवस्थित पार्किङका लागि स्थानीय र प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन्।




नेपाल अटो इरिक्सा व्यवसायी संघको आठौँ साधारण सभा उद्घाटन गर्दै सिटौलाले हेटौँडामा पार्किङको समस्या भइरहेकाले हेटौँडा उपमहानगरले यसको व्यवस्थापन गर्न चासो लिन आग्रह गरेका हुन् । उनले भने, 'अहिले हेटौँडाका मेयरले बजार विस्तार गरेर जुन वाहवाही कमाउनु भएको छ, हिम्मतवाली भनेर चर्चा भएको छ, त्यसमा २ हजार ५ सय भन्दा बढी अटो रिक्साहरुको व्यवस्थित पार्किङ पनि व्यवस्थापन गरिदिनु भयो भने हामी पनि तपाईंलाई अर्को हिम्मतवाली मेयर भनेर प्रशंसा गर्न तयार छौँ।'

सिटौलाले यातायात व्यवसायी महासंघ सडक विस्तारको पक्षमा रहेको बताए । उनले भने, 'यातायातको संख्या बढेको बढ्यै छ तर ससाना सडक र सडकसँग जोडिएका घरले समस्या भइरहेको छ, यसैले हामी सडक विस्तार कार्यको स्वागत गर्दछौँ।'

सिटौलाले यो सरकारले यातायात क्षेत्रमा केही राहत दिने गरी काम गर्न लागेको बताए । उनले भने, 'हामीले विगतमा कैयौँ सरकारसँग यातायात क्षेत्र सुधारका लागि हारगुहार गरेका थियौँ, सुनेन, यो सरकारले केही काम गर्न खोजेको अनुभूत गरेका छौँ, नतिजा कुरेका छौँ, एक महिनामा केही विवरण आउने आसा गरेका छौँ, सरकारले विभिन्न समिति बनाएर यातायात क्षेत्र सुधारको काम गरिरहेको छ ।' उनले सरकारका प्रधानमन्त्री, गृहमन्त्री, जेन्जी आन्दोलनका अगुवा सुदन गुरुङसँग पनि यातायात क्षेत्र सुधारका लागि सकारात्मक अन्तरक्रिया भएको बताए।

'मापसे र लापसे नगरिदिनोस्,' सिटौलाले भने, 'हामी यातायात व्यवसायी नै लागुपदार्थ सेवन (लापसे) र मादक पदार्थ सेवन (मापसे) मा जोडिने गरेका छौँ, यसमा महासंघ र यातायात संघले कुनै क्षमा दिन सक्दैन, तपाईंहरुले यात्रुसँग नरम व्यवहार गरिदिनुहोस्, ट्राफिक प्रहरीलाई पनि मदत गरिदिनुहोस् ।'

सिटौलाले सबै अटो व्यवसायीलाई दर्ता गर्ने ठाउँमा दर्ता र नवीकरणमा पनि सरिक हुन आग्रह गरे। उनले भने, 'जेन्जी आन्दोलनले प्रहरी प्रशासनलाई कमजोर बनाइएको छ, उनीहरु हाम्रै सहयोगका लागि हुन्, हामीले मदत गरे उनीहरुले पनि हामीलाई मदत गर्छन्, हामी कुनै पनि अपराधयुक्त काममा जोडिनु हुन्न ।'

कार्यक्रममा नारायणी यातायात व्यवसायी संघका महासभिव सरोज खनाल, यातायात क्षेत्रका नेताहरु माधव अधिकारी, ज्ञानेन्द्र कार्की, रञ्जना बर्तौलालगायतले बोलेका थिए।

संघका अध्यक्ष नवराज घिमिरेको अध्यक्षमा भएको कार्यक्रममा संघका उत्कृष्ट सदस्यहरुलाई पुरस्कृत गरिएको थियो । संघमा दुई हजार ५ सय सदस्य छन्।

- **अध्यक्षमा गौतम दोहोरिए**

बिहीबार नै भएको संघको पाँचौं अधिवेशनले भीम प्रसाद गौतमको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । गौतम यसअघि पनि अध्यक्ष थिए।

समितिमा उपाध्यक्ष होमलाल देउला, सचिव भीम बहादुर पाख्रिन, कोषाध्यक्ष गोविन्द प्रसाद तिमिल्सिना चयन भएका छन्। यस्तै, सदस्यहरुमा फणिन्द्र सञ्जेल, सूर्यबहादुर थिङ, हरि प्रसाद न्यौपाने, उत्तम अधिकारी र टेक प्रसाद न्यौपाने चयन भएका छन्।

# मन्त्रिपरिषद् बैठकः जेन्जी प्रतिनिधिबीचको सम्झौता अनुमोदन



**काठमाडौँ ।**
मन्त्रिपरिषद्को बैठकले सरकार र जेन्जी प्रतिनिधिबीच बुधबार भएको सम्झौता अनुमोदन गरी सम्बन्धित मन्त्रालयबाट उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बिहीबार भएको बैठकले सम्झौतालाई नेपाल राजपत्रमा अतिरिक्ताङ्कका रुपमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए । बुधबार प्रधानमन्त्री सुशीला कार्की र जेन्जी प्रतिनिधिबीच १० बुँदे सहमति भएको थियो ।

बैठकले गत भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा छानबिन गर्न गठित जाँचबुझ आयोगको कार्यक्षेत्र विस्तार गर्ने निर्णय गरेको मन्त्री खरेलले बताए ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोगमा बयान दिन जाने विषयमा दिएको अभिव्यक्ति सम्बन्धमा सोधिएको प्रश्नमा मन्त्री खरेलले आयोगको कार्यक्षेत्र विस्तार गरिएको र आयोगले आफ्नो काम कानुनबमोजिम गर्ने विश्वास रहेको प्रतिक्रिया दिए ।

आजको बैठकमा भदौ २३ र २४ गते जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका सार्वजनिक सम्पति र भौतिक क्षतिको पुनः मूल्याङ्कन तथा पुनःनिर्माण गर्न गठित समितिको प्रतिवेदन प्रधानमन्त्री कार्कीलाई हस्तान्तरण गरिएको थियो ।

बैठकले न्याय सेवाका सहसचिव पुष्कर सापकोटालाई सचिवमा बढुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदस्थापन गर्ने निर्णय गरेको छ । यस्तै समाजकल्याण परिषद्को रिक्त सदस्यसचिवमा पनि नियुक्ति गरिएको मन्त्री खरेलले जानकारी दिए । रासस

# क्रियाशील सदस्यता नवीकरण मंसिर २९ गतेसम्म



**काठमाडौँ ।**
नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण मंसिर २९ गते मध्यरातसम्म सीमित गरिएको छ । महासचिव गगन थापा संयोजक रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिको बिहिवार बसेको बैठकले सो म्यादपछि नवीकरण प्रविष्टि बन्द गर्ने निर्णय गरेको हो ।

समितिका सदस्य तथा केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीका अनुसार मंसिर २९ गते राति १२ बजेदेखि सदस्यता प्रविष्टि प्रणाली (सिष्टम) लक गरिनेछ ।

उनको भनाइअनुसार नयाँ क्रियाशील सदस्यता वितरणका लागि फारामहरू जिल्ला तथा क्षेत्रीय कार्यसमितिहरूमा पुगिसकेका छन् र वितरण प्रक्रिया उदार रूपमा अघि बढाइएको छ ।

क्रियाशील सदस्यता व्यवस्थापन समिति आइतबार फेरि बैठक बस्नेछ ।

यसैबीच, कांग्रेसले पुस २६ देखि २८ गतेसम्म १५औँ महाधिवेशन आयोजना गर्ने तयारी गरेको छ। नेपाली कांग्रेसले राष्ट्रिय मान्यता प्राप्त दल परित्याग गरी आउनेलाई सिधै क्रियाशील सदस्यता दिने भएको छ ।

अरू दल छाडेर आएकालाई सिधै क्रियाशील सदस्यता दिन कांग्रेसले मातहत समितिहरूमा परिपत्र गरेको हो ।

यसपालि कांग्रेसले क्रियाशील सदस्यता वितरण उदार ढंगबाट गर्ने नीति लिएको छ । क्रियाशील सदस्यता लिन खोज्नेलाई तत्कालै दिने नीति कांग्रेसको लिएको हो ।

विगतमा साधारण सदस्यता लिएको कम्तीमा एक वर्ष पुगेपछि मात्रै क्रियाशील सदस्यता दिइन्थ्यो । तर मंसिर १५ गतेको केन्द्रीय समिति बैठकले अन्य दल छाडेर आउनेलाई सिधै क्रियाशील सदस्यता दिने निर्णय गरेपछि त्यसअनुसार मातहत समितिहरूमा परिपत्र गरिएको हो ।

कांग्रेस क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्यसमेत रहेका केन्द्रीय सदस्य प्रकाश रसाइली 'स्नेही'ले क्रियाशील सदस्यता वितरणलाई व्यापक र सहज बनाउन लागिएको जानकारी दिए ।

त्यसअनुसार महामन्त्री गगन थापाले मंसिर २४ गते मातहत समितिहरूलाई क्रियाशील सदस्यता वितरण आधार र मापदण्डसमेत पठाइसकेका छन् ।

# आगजनी र तोडफोडमा संलग्न भएको आरोपमा १० जना पक्राउ



**सुदूरपश्चिम ।**
जेन्जी आन्दोलनका क्रममा गत भदौ २४ गते धनगढीस्थित कैलाली जिल्ला अदालत र कारागार कार्यालयमा तोडफोड र आगजनी गरेको अभियोगमा १० जनाई पक्राउ गरिएको छ ।

जिल्ला अदालतमा तोडफोड र आगजनीमा संलग्न भएको अरोपमा धनगढी उपमहानगरपालिका–३ का २४ वर्षीय आषिश भण्डारी, बैतडी जिल्ला घर भई हाल धनगढी उपमहानगर–३ बस्ने भरत बम र सोही ठाउँ बस्ने अमन केसी, वडा–७ का २७ वर्षीय एलेक्स चन्द, २१ वर्षीय लक्ष्मणबहादुर विष्ट र वडा–१ बस्ने मनोज विष्टलाई पक्राउ गरिएको हो ।

कैलाली कारागारमा तोडफोड र आगजनी गरेको आरोपमा धनगढी–२ का २८ वर्षीय गोपाल भट्ट, वडा–३ का जेम्स भन्ने सुरज कटुवाल, वडा–९ बस्ने ४० वर्षका वसन्तराज जोशी र १९ वर्षका अङ्कित सक्सेनालाई पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कैलाशसिंह विष्टले फरकफरक मितिमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकामाथि आपराधिक उपद्रवको मुद्दा चलाइएको छ । जिल्ला अदालतले तोडफोड र आगजनी घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गर्नका लागि दिइएको जाहेरीका आधारमा प्रहरी टोलीले विभिन्न ठाउँबाट उनीहरुलाई पक्राउ गरेको हो ।

आन्दोलनको क्रममा जिल्ला अदालत आगजनी र तोडफोड हुँदा भवनमा क्षति पुग्नुका साथै विभिन्न मुद्दाका मिसिल, कम्प्युटरलगायत जिन्सी सामानमा क्षति पुगेको थियो ।

कैलाली कारागारमा भएको तोडफोडका क्रममा कारागारको भौतिक संरचनामा क्षति पुग्नुका साथै त्यहाँ रहेका कैदीबन्दी फरार भएका थिए ।

कैलालीको भजनी नगरपालिका–९ गन्जहुवा गाउँस्थित सरस्वती सामुदायिक वन क्षेत्रको लम्की ताल छेउमा रहेको रुखको टोड्कोमा लुकाइछिपाइ राखिएको अवस्थामा बुधबार एक नाले भरुवा बन्दुक बेवारिसे अवस्थामा प्रहरीले बरामद गरेको छ । रासस

# सबैपक्षको सहभागितामा सम्झौता हुनुपर्नेमा जोड

**काठमाडौँ ।**
नेपाल सरकार र जेन्जीका प्रतिनिधिबीच व्यावहारिक, पारदर्शी र सबैपक्षको सहभागितामूलक सम्झौता हुनुपर्नेमा जोड दिएका छन् ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा जेन्जी समूहका प्रतिनिधि अजय सोडारीले बुधबार भएको सहमतिको मस्यौदामा आफूहरुको सहभागिता नभएको र आफूहरुले केवल निर्वाचनका लागि मात्रै आन्दोलन नगरेको जिकिर गरे ।

अर्का जेन्जी प्रतिनिधि रवि किरणले सहिद परिवार र युवाको आवाज सुन्न सरकारलाई आग्रह गरे । अर्का प्रतिनिधि सरिश्मा थापाले सम्झौतामा हस्ताक्षर हुने तर कार्यान्वयन नहुने स्थितिको अन्त्य हुनुपर्ने बताए । जेन्जी अगुवा रविकिरण ह्मालले बुधवार सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्की र ओमप्रकाश अर्यालको समहुले सम्झौताको नाटकमञ्चन मात्रै गरेको टीप्पणी गरे ।

भदौ २३ र २४ गते नेपालको नवोदित पुस्ताको आवह्वान भएको विद्रोहलाई अपरहण गरेर, सत्ता 'कु' गरेर उनीहरुले नवपुस्तामाथी धोका दिएको उनको आरोप छ ।

उनीहरुले आफ्नो सत्ता जोगाउनको लागि युवामाथी घात हुने १० बुँदेको सम्झौताको नाटक गरेको र त्यसलाई परास्त गर्न आफूहरु लाग्ने बताए । उनले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र वर्तमान प्रधामन्त्री कार्की र गृहमन्त्री अर्याल सबैले युवाहरुको भावनामाथि खेलवाड गरेको आरोप लगाए । आगामी दिनमा बन्ने सरकारले युवाहरुको भावनामा खेलवाड गर्ने सबैलाई कारबाही गर्ने उनको दाबी छ । जेन्जी सरिस्मा थापाले सम्झौताले आन्दोलनलाई बैधता दिए पनि सम्झौता कार्यन्वयनमा आशंका व्यक्त गरिन् ।

चुनावपछि अर्को सरकार बन्ने भएकोले यो सरकारसँग भएको सम्झौता आउने सरकारले कार्यन्वयन गर्नेमा आफूहरुलाई विश्वास नरहेको बताइन् । वर्तमान सरकारले सम्झौतालाई दराजमा थन्काउने मात्रै काम गर्ने उनको दाबी छ ।सरकार र जेन्जी प्रतिनिधिबिच बुधबार १० बुँदे सहमति भएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन